# प्रभाव दैनिक
National Daily

वर्ष १० | अंक ३४७ | काठमाडौं | सोमबार, ३ वैशाख २०८१ | Prabhab National Daily | Monday, April 15, 2024 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-



**श्रमिकको अधिकार सुनिश्चित गरौं**

- श्रम र श्रमिकको सम्मान गरौं।
- श्रमको उचित मुल्य प्रदान गरौं, श्रम शोषणको अन्त्य गरौं।
- कामदारको सुरक्षा र स्वास्थ्यमा लगानी गरौं।
- श्रमिकको सामाजिक सुरक्षा सुनिश्चित गरौं।
- मर्यादित श्रमको प्रवर्द्धन गरौं।
- उद्योग प्रतिष्ठानमा सुरक्षित कार्यवातावरण सुनिश्चित गरौं।
- श्रमिक र रोजगारदाताबीच सौहाद्यद्रूर्ण सम्बन्ध कायम गरौं।
- श्रमिकको योगदानको कदर गरौं।

**'श्रमको सम्मान, राष्ट्रको अभियान'**
अन्तराष्ट्रिय श्रमिक दिवस भव्य रुपमा मनाऔं।

नेपाल सरकार
**विज्ञापन बोर्ड**


# कानुन निर्माणमा बेवास्ता



संविधानको प्रभावकारी कार्यान्वयन सम्भव हुने भनेकै कानुन निर्माणपछि हो । १८१ वटा कानुन अभाव छ । तर, कानुन निर्माणभन्दा पनि कसरी सरकार जोगाउने भन्नेमा केन्द्रित भएको पाइयो ।

**रमण श्रेष्ठ**
वरिष्ठ अधिवक्ता

- १८१ वटा कानुन बनाउनुपर्ने तर संसद्बाट तीनवटा मात्रै विधेयक अघि बढ्यो
- सरकार कांग्रेस र राप्रपाको प्रश्नबाट भागेको आरोप

**जेबी योञ्जन**

**काठमाडौं–** संविधान कार्यान्वयन गर्न संसद्बाट १८१ वटा कानुन बनाउनुपर्ने छ । संवैधानिक कानुनका जानकारहरूका अनुसार ती कानुन नबनाइए संविधान कार्यान्वयन थप जटिल हुने छ ।

संसद्को हिउँदे अधिवेशन विधेयक अधिवेशन भएकाले कानुन निर्माणका लागि महत्त्वपूर्ण मानिन्छ । तर, यसपटकको हिउँदे अधिवेशनबाट जम्मा तीनवटा विधेयक पारित भए ।

सम्पत्ति शुद्धीकरण निवारण तथा व्यावसायिक वातावरण प्रवर्द्धनसम्बन्धी केही ऐनलाई संशोधन गर्न बनेको विधेयक, अनुगमन तथा मूल्यांकन विधेयक, २०७६ र खाद्य स्वच्छता तथा गुणस्तर विधेयक, २०७७ प्रतिनिधिसभाबाट पारित भएका हुन् । अन्य छ वटा विधेयक सम्बन्धित समितिमा विचाराधीन छन् । हिउँदे अधिवेशन गत वर्षको २२ माघदेखि २ वैशाख २०८१ सम्म चल्यो । ७० दिनमा ८१ घण्टा ५५ मिनेट संसद् बैठक बसेको संसद् सचिवालयले जनाएको छ । कतिपय बैठकमा भने विपक्षी दलहरूले बारम्बार अवरोध खडा गरे ।

आइतबार पनि १७ मिनेट बसेको प्रतिनिधिसभा बैठकमा विपक्षी दलहरू राष्ट्रिय नेपाली कांग्रेस र राष्ट्रिय प्रजातन्त्र पार्टीले अवरोध गरे । जसकारण संसद्को निर्धारित कार्यसूची अघि बढ्न सकेन । कांग्रेसले गृहमन्त्री रवि लामिछानेमाथि संसदीय छानबिनको माग गर्दै संसद् अवरुद्ध गर्दै आइरहेको थियो । यहीबेला सरकारले अधिवेशन अन्त्य गरेको हो ।

अत्यावश्यक कानुनहरू निर्माण गर्नुपर्ने बाध्यात्मक अवस्थामा सरकार छ । संक्रमणकालीन न्यायसम्बन्धी विधेयक (टिआरसी विधेयक)लाई छिटो टुंगो लगाएर शान्ति प्रक्रियालाई तार्किक निष्कर्षमा पुऱ्याउनुपर्ने छ । प्रशासनिक संघीयता कार्यान्वयनका लागि भए पनि संघीय निजामतीसम्बन्धी विधेयक पारित गर्नुपर्ने छ । विद्यालय शिक्षासम्बन्धी विधेयकसँगै अन्य थुप्रै विधेयकलाई कानुनको रूप दिनुपर्ने छ ।

तर, सहकारी ठगी प्रकरणमा जोडिएका उपप्रधान तथा गृहमन्त्री रवि लामिछानेलाई जोगाउन सरकारले संसद् अधिवेशन अन्त्य गरेको जानकारहरू बताउँछन् । वरिष्ठ अधिवक्ता रमण श्रेष्ठले कानुन निर्माणभन्दा पनि सरकार कसरी जोगाउने भन्नेमा ध्यान गएको बताए । 'संविधानको प्रभावकारी कार्यान्वयन सम्भव हुने भनेकै कानुन निर्माणपछि हो । तर, १८१ वटा कानुन अभाव छ,' उनले प्रभावसँग भने, 'तर, कानुन निर्माणभन्दा पनि कसरी सरकार जोगाउने ? यसप्रति केन्द्रित भएको पाइयो ।'

(क्रमशः पृष्ठ २ मा)

# सुदूरपश्चिमको मुख्यमन्त्रीमा एउटै पार्टीका दुई जनाको दाबी

- सुदूरपश्चिम सरकारको नेतृत्व पाउन नागरिक उन्मुक्तिका कैलाश चौधरी र लक्ष्मणकिशोर चौधरीको दाबी पेस
- सनाखत गराउने तयारीमा प्रदेश प्रमुख नजिर मियाँ
- बहुमत पुऱ्याउन इन्दिरा गिरीको पुनर्बहाली



**लक्ष्मणकिशोरको दाबी**
नागरिक उन्मुक्तिका सात, नेपाली कांग्रेसका १८, एकीकृत समाजवादीका चार गरी २९ सांसदको समर्थन



**कैलाशकुमारको दाबी**
नेकपा एमालेका १०, माओवादी केन्द्रका १०, नागरिक उन्मुक्तिका दुई, एकीकृत समाजवादीका तीन, स्वतन्त्र एकसहित २६ सांसदको समर्थन

**प्रभाव संवाददाता**

**काठमाडौं–** सुदूरपश्चिमको मुख्यमन्त्रीमा एउटै पार्टीका दुई जनाको दाबी पेस भएको छ । आइतबार नागरिक उन्मुक्ति पार्टीका लक्ष्मणकिशोर चौधरी र कैलाशकुमार चौधरीले फरक-फरक समर्थक लिएर मुख्यमन्त्रीमा दाबी पेस गरेका हुन् ।

एउटै पार्टीका दुई जनाले मुख्यमन्त्रीमा दाबी पेस गरेपछि प्रदेश प्रमुख नजिर मियाँ अन्योलमा परेका छन् । हालै पार्टीको संसदीय दलका नेता बनेका कैलाशलाई मुख्यमन्त्री दिने संघीय सत्ता गठबन्धनमा सहमति भएपछि मियाँ त्यसैको तयारीमा लागेका थिए । तर संघीय अध्यक्ष रञ्जिता श्रेष्ठ धनगढी पुग्न ढिला हुँदा कैलाशले मुख्यमन्त्रीमा नियुक्त हुन पाएनन् ।

प्रदेश प्रमुख मियाँले अब सनाखत गरेर नयाँ मुख्यमन्त्री चयन गर्ने संकेत गरेका छन् । हालै संसदीय दलको नेतामा चयन भएका कैलाश रञ्जिता पक्षका सांसद हुन् । यता रञ्जिताले कारबाही गरेका घनश्याम चौधरीले भने प्रमुख सचेतक लक्ष्मणकिशोरलाई अघि बढाएका हुन् । लक्ष्मणकिशोरलाई मुख्यमन्त्री बनाउन भन्दै पेस गरिएको निवेदनमा घनश्यामले संसदीय दलको नेता आफू नै भएको दाबी गरेका छन् । उनी रेशमलाल चौधरी पक्षका सांसद हुन् ।

उनको दाबीमा नागरिक उन्मुक्तिका सातजना नेपाली कांग्रेसका १८ जना र समाजवादीका चार जना गरी २९ जनाको समर्थन भएको दाबी गरिएको छ । यद्यपि उनले भनेझैं नागरिक उन्मुक्तिका सातै जनाको समर्थन लक्ष्मणकिशोरलाई छैन । यसो त उनलाई राष्ट्रिय प्रजातन्त्र पार्टीका एक सांसदकोसमेत साथ रहने छ ।

यता कैलाशले भने एमालेका १० जना, माओवादीका १० जना, नागरिक उन्मुक्तिका दुई, समाजवादीका तीन र एक स्वतन्त्रसहित २६ जनाको समर्थन आफूलाई रहेको भन्दै दाबी पेस गरेका छन् । ५३ सदस्यीय प्रदेशसभामा २७ जना आवश्यक बहुमत हो । अहिले सुदूरपश्चिममा कांग्रेसका १८, माओवादीका ११ (सभामुखसहित), एमालेका १०, नागरिक उन्मुक्तिका सात, एकीकृत समाजवादीका चार, राप्रपाका एक र स्वतन्त्र एक गरी ५२ सांसद छन् । बझाङको प्रदेश 'ख' मा वैशाख १५ गते उपनिर्वाचन हुँदै छ । यहाँ नेपाली कांग्रेसका पृथ्वीबहादुर सिंह निर्वाचित भएका थिए । उनको निधनपछि उपनिर्वाचन हुन लागेको हो ।


**रञ्जिताको दाबीः मुख्यमन्त्री कैलाश नै बन्छन्**

नागरिक उन्मुक्तिकी अध्यक्ष रञ्जिता श्रेष्ठले पार्टीको आधिकारिक दाबेदार कैलाशमात्र भएको बताएकी छन् ।

(क्रमशः पृष्ठ २ मा)

**सन्दर्भः वैदेशिक रोजगार**

# इजरायलमा रहेका नेपाली कामदारको सुरक्षाबारे श्रममन्त्रीको चासो



**प्रभाव संवाददाता**

**काठमाडौं–** श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री डोलप्रसाद अर्यालले इजरायलमा रहेका नेपाली कामदारको सुरक्षाप्रति चासो व्यक्त गरेका छन् । आइतबार बिहान इरानले इजरायलको राजधानी तेल अभिभलगायतका क्षेत्रमा ड्रोन आक्रमण गरेपछि मन्त्री अर्यालले नेपाली कामदारको सुरक्षा संवेदनशीलतालाई ध्यान दिँदै उक्त विषयमा चासो व्यक्त गरेका हुन् ।

मन्त्री अर्यालले इजरायलका लागि नेपाली राजदूत कान्ता रिजालसँग आइतबार नै टेलिफोन सम्पर्क गरी नेपाली कामदारको सुरक्षा सम्बन्धमा बारेमा जानकारी लिएको उनको सचिवालयले जनाएको छ । राजदूत रिजालका अनुसार अहिलेसम्म नेपाली कामदार सुरक्षित रहेको जानकारी प्राप्त भएको बताइएको छ ।

यसैबीच इजरायलमाथि इरानले हमला गरेपछि तेलअभिभस्थित नेपाली दूतावासले अत्यावश्यक अवस्थामाबाहेक घरबाट बाहिर ननिस्कन त्यहाँ रहेका नेपालीहरूलाई आग्रह गरेको छ । आवश्यक सुरक्षाका लागि नेपालीलाई स्थानीय सुरक्षा प्रोटोकलहरूको पालना गर्न, आफ्नो क्षेत्रका लागि जारी गरिएका अद्यावधिक सूचनाबारेमा जानकार रहन पनि दूतावासले सचेत गराएको छ । यसैगरी आफ्नो सुरक्षातर्फ विशेष ध्यान दिन, अत्यावश्यक अवस्थामाबाहेक घरबाट बाहिर ननिस्कन तथा सुरक्षित आश्रयस्थलको सुविधा भएको स्थलको आसपासमै रहनसमेत दूतावासले अनुरोध गरेको छ ।

दूतावासले जनाएअनुसार इजरायलमाथि इरानी हमला सुरु भएको सन्दर्भमा हालै इजरायली होम फ्रन्ट कमाण्डद्वारा सर्वसाधारणका लागि नयाँ निर्देशनहरूसमेत जारी भएका छन् । उक्त आक्रमणपछि सोमबार राति ११ बजेसम्म लागू हुनेगरी सम्पूर्ण शैक्षिक क्रियाकलाप बन्द गर्ने र ठूलो स्तरको सभा/भेला नगर्ने भनी निर्देशन जारी भएको बताइएको छ ।

हाल इजरायलमा केयर गिभर र 'लर्न एण्ड अर्न' अन्तर्गत चार हजार ५०० नेपाली काम गरिरहेको परराष्ट्र मन्त्रालयसँग भएको तथ्यांकले देखाएको छ । यसअघि सन् २०२३ को अक्टोबर ७ मा इजरायलको गाजापट्टीमा प्यालेस्टाइनको हमास समूहले गरेको आक्रमणमा परी १० जना नेपालीको मृत्यु भएको थियो ।

# रोकिएन वैदेशिक रोजगारीको बहानामा ठगी

**काठमाडौं (प्रस)–** वैदेशिक रोजगारीका लागि विभिन्न युरोपेली मुलुक, रसिया र दुबई पठाइदिने भन्दै रकम संकलन गरी ठगी गर्ने क्रम बढ्दो छ । यही प्रकरणमा तीन जना पक्राउ परेका छन् । भोजपुर टम्केमैयुङ गाउँपालिका-३ घर भई हाल ललितपुर ताल्छीखेल बस्ने संघर्ष राई, मुगु खत्याड गाउँपालिका-८ घर भई काठमाडौं कोटेश्वर बस्ने नमराज रावत र भक्तपुर सूर्यविनायक नगरपालिका घर भएका पवन केसी प्रहरीको फन्दामा परेका हुन् ।

राईले आकर्षक तलबमा युरोपका विभिन्न मुलुकमा पठाइदिने भन्दै कमल अभिषेकसहित १३ जना वेरोजगार युवालाई ठगी गरेको बताइएको छ । उनले पीडितहरूसँग युरोपको प्रतिष्ठित कम्पनीहरूमा काम लगाइदिने विश्वास दिलाई पटक-पटक गरी ७४ लाख ९५ हजार रूपैयाँ लिएर ठगी गरेको प्रहरी अनुसन्धानबाट खुलेको छ । फरार अवस्थामा रहेका राईलाई खोजतलासको क्रममा काठमाडौं बालाजुबाट पक्राउ गरिएको हो ।

यस्तै रावतले रसिया पठाइदिने भन्दै तीन लाख रूपैयाँ ठगी गरेको बताइएको छ । उनले प्रेमबहादुर चौधरीलाई रसियामा आकर्षक तलबसहित प्रतिष्ठित कम्पनीमा काम लगाइदिने प्रलोभन देखाई ठगी गरेको प्रहरीले जनाएको छ । पीडितसँग पैसा लिएर सम्पर्कविहीन अवस्थामा रहेका उनलाई खोजतलासको क्रममा बानेश्वरबाट पक्राउ गरिएको बताइएको छ । यसैगरी पवन केसीले दुबई पठाइदिने बहानामा आचल तिवारीसँग चार लाख ९० हजार रूपैयाँ ठगी गरेको बताइएको छ । उनले पीडितलाई दुबईमा आकर्षक आम्दानी हुने गरी एक प्रतिष्ठित कम्पनीमा काम लगाइदिने भन्दै ठगी गरेको प्रहरीले उल्लेख गरेको छ ।

पीडितबाट रकम लिएर सम्पर्कविहीन भएका उनीहरूलाई वैदेशिक रोजगार विभाग काठमाडौंले पक्राउ गरी उपस्थित गराइदिन प्रहरीलाई पत्राचार गरेको थियो । सोही आधारमा पक्राउ परेका उनीहरू तीनै जनालाई थप अनुसन्धान तथा कारबाहीका लागि विभागमा बुझाइएको काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयका प्रहरी उपरीक्षक रविन्द्र रेग्मीले जानकारी दिए ।


# भवन खरिद सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मितिः २०८१/०१/०३ गते**

नेपाल सरकारबाट इजाजत लिई सञ्चालनमा रहेका वैदेशिक रोजगार व्यवसाय गर्ने व्यवसायीहरूको छाता संगठनको रुपमा रहेको यस नेपाल वैदेशिक रोजगार व्यवसायी संघको लागि भवन खरिद गर्न पर्ने भएकाले घर बिक्री गर्न इच्छुक घरधनीहरूको लागि यो सूचना प्रकाशित गरिएको छ । संघले तपसिल उल्लेख गरिए अनुसारको भवन खरिद गर्ने भएकाले यस मापदण्ड भित्र पर्ने घरधनीले संघको कार्यालयमा सिलबन्दी बोलपत्र पेश गर्नुहुन अनुरोध गर्दै पेस भएका बोलपत्र स्विकृत गर्ने नगर्ने अधिकार संघमा सुरक्षित रहेको जानकारी गराइन्छ ।

१. खरिद गरिने घरको अधिकतम मूल्य रू ५ करोड सम्मको रहने छ ।
२. खरिद गरिने घर काठमाडौं महानगरपालिका वडा नं ९, १०, ३१, ३२ र ७ भित्र हुनु पर्ने छ ।
३. खरिद गरिने घर जाने बाटो कम्तिमा २० फिटको हुनु पर्ने छ ।
४. बोलपत्र घरधनी स्वयंले पेस गर्नपर्ने छ । मध्यस्वकताले बोलपत्र पेस गर्न पाउने छैन ।
५. जग्गाको स्वामित्व सम्बन्धमा वा जग्गाको विषयमा अड्डा अदालतमा विवाद रहेको वा मुद्धा परेको हुनु हुने छैन ।
६. घर बिक्री सम्बन्धी बोलपत्र संघको कार्यालयबाट लिन सकिने छ ।
७. बोलपत्र सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र कार्यालय समय भित्र संघको कार्यालयमा पेस गरि सक्नुपर्ने छ ।
८. बोलपत्रका साथ जग्गा धनी दर्ता प्रमाण पुर्जाको प्रतिलिपी मालपोत तिरेको रसिदको प्रतिलिपी, घर जग्गा (सम्पत्ती) कर तिरेको रसिदको प्रतिलिपी, नागरिकताको प्रतिलिपी, नक्सा पास प्रमाणपत्रको प्रतिलिपी, नक्सा ट्रेस र ब्लु प्रिन्ट लगायतका कागजात सम्लग्न ट्रेस गर्नु पर्ने छ ।
९. बोलपत्र मिति २०८० वैशाख २० गते संघको कार्यालयमा दिनको ५ बजे खोलिने छ ।
१०. बोलपत्रको अध्ययन गरि मापदण्ड पुगेका बोलपत्रदातालाई फोनबाट सम्पर्क गरी कुनै कुरा स्पष्ट नभएको स्पष्ट गर्न कागजात नपुगेको भए माग्न र मूल्यको सम्बन्धमा आपसी सहमति गर्न बोलाइने छ ।

**राजेन्द्र भण्डारी**
अध्यक्ष

**नेपाल वैदेशिक रोजगार व्यवसायी संघ**
तिलगंगा-८, काठमाडौं
फोन नं.: ०१-४५९०९६९/४५९४४१८/९८०१०९७८८२

# निजी स्वास्थ्य संस्थामा उपचार गराउँदा २० प्रतिशत तिर्नुपर्ने

**काठमाडौं (प्रस)–** स्वास्थ्य बिमा बोर्डको स्वास्थ्य बिमा कार्यक्रमअन्तर्गत आइतबारदेखि निजी तथा सामुदायिक अस्पतालमा उपचार गर्ने बीमितले २० प्रतिशत रकम आफैंले तिर्नुपर्ने भएको छ ।

बोर्डका कार्यकारी निर्देशक डा. दामोदर बसौलाले आइतबारदेखि निजी तथा सामुदायिक अस्पतालमा उपचार गर्ने बीमितले उपचार खर्चको २० प्रतिशत रकम आफैंले तिर्नुपर्ने (सहभुक्तानी) लागू गरिएको बताए । 'अनावश्यक स्वास्थ्य परीक्षणलाई निरुत्साहित गर्न हामीले आजदेखि उपचार खर्चको २० प्रतिशत तिर्नुपर्ने नियम लागू गरेका छौं', उनले भने, 'जसले गर्दा बीमितले अनावश्यक स्वास्थ्यपरीक्षण नगराउने र बिरामी भएका बीमित मात्र स्वास्थ्य बिमाबाट लाभान्वित हुने छन् ।'

स्वास्थ्य बिमा कार्यक्रम सहभुक्तानी लागू गर्ने कार्यविधि, २०८० संशोधन गरी बोर्डमा आबद्ध बीमितले निजी तथा सामुदायिक अस्पतालमा उपचार गर्ने बिरामीले २० प्रतिशत रकम उपचार खर्चबापत तिर्नुपर्ने व्यवस्था लागू गरेको हो ।

बोर्डले यसअघि माघ १ गतेबाट सरकारी अस्पतालमा उपचार गरेबापत १० प्रतिशत रकम तिर्नुपर्ने नियम लागू गरेको थियो । उनले सरकारी अस्पतालको सक्षमता विकास गर्न र बिरामीलाई सरकारी अस्पतालप्रति आकर्षित गराउन सहभुक्तानीको व्यवस्था लागू गरिएको बताए ।

कार्यकारी निर्देशक डा. बसौलाका अनुसार सहभुक्तानी १५ शयचासम्मका आधारभूत अस्पतालमा लागू हुँदैन । संघीय तथा प्रादेशिक अस्पताल, विशेषज्ञ सेवा उपलब्ध भएका आधारभूत अस्पताल, निजी, सहकारी, सामुदायिक अस्पताल, मेडिकल कलेजमा सहभुक्तानी प्रणाली लागू हुने कार्यविधिमा उल्लेख छ ।

बिमा कार्यक्रममा कूल बीमित संख्या ७७ लाख ४१ हजार ४८३ जना र कूल बीमितमध्ये सेवा लिनेको संख्या ३६ लाख ५२ हजार ४३२ जना छन् । नवीकरण गर्ने बीमित ४८ लाख आठ हजार ७६० रहेको छ ।

# सिन्दुर खेलेर मनाइयो सुथसिया जात्रा

**भक्तपुर (प्रस)–** मध्यपुरथिमिबासीले आइतबार बिहानै सुथसिया अर्थात् बिहानीको जात्रा मनाएका छन् । बिस्केट जात्राका अवसरमा मध्यपुरथिमिका बासिन्दाले आइतबार बिहानैदेखि टोलटोलका देवता विराजमान खटलाई बालकुमारीको परिक्रमा गराई धिमे र मुस्या बाजाको तालमा झुम्दै, नाच्दै र अबिर छर्कंदै हर्षोल्लासका साथ सिन्दुर खेलेर सुथसिया जात्रा मनाएका हुन् ।

थिमिमा मात्रै मनाइने यो जात्रामा एकअर्कामा सिन्दुर दलेर धिमेलगायतका स्थानीय बाजामा तालमा नाच्दै हातहातमा चिराग बाल्ने चलन छ । खट बोकी बालकुमारीमा ३२ खट ल्याएर भव्य रूपमा मनाउने परम्परा छ । तर केही वर्षयता भने २६ खटमात्रै जात्रामा सहभागी हुने गरेका छन् ।

यो जात्रामा आइतबार बिहानै बालकुमारी र कालिका अर्थात् बालाखुको खट बालकुमारी मन्दिरबाट बाहिर निकालेको थियो । शनिबारदेखि विष्णुबिर र दक्षिण बाराहीको खटसमेत मन्दिरमा राखिएको थियो । बिहानै सिद्धिकालीको खट ल्याएर आफ्ना गणहरूसहित बालकुमारी प्रवेश गराएपछि यो जात्रा सुरु भएको थियो ।

परम्पराअनुसार नै देवता लायकू दरबारभित्र पस्न नपाउन भनेर लायकू प्रवेशद्वारमा पेंखा मुस्या, बालकुमारी, बालखुचा द्यो, सिद्धिकाली र अरु देवताका गणहरू बाटो छेकेर बस्ने परम्परा रहेको छ । खटजात्रा अगाडि बढाउदै ल्याउने बालकुमारीलाई भैलः द्यो परिक्रमा गरी क्रमैसँग सुगां द्यो, क्वाछे द्योंमा पनि सिन्दुर खेल्दै परिक्रमा गराइन्छ । बालकुमारीलाई विभिन्न क्षेत्रको परिक्रमा गराई भव्य एवं उमंग र उत्साहका साथ थिमिका वासिन्दाले सिन्दुर खेल्दै यो जात्रा मनाइएको छ ।

बिहानै सुरु भएको यो जात्रा मध्याह्नसम्म चल्ने र त्यसपछि बोडेमा जिब्रो छेड्ने जात्राको तयारी गरेर दिउँसो २ बजे बोडेमा जिब्रो छेडेर जात्रा मनाउने गरिन्छ ।

## पृष्ठ १ बाट क्रमशः

### सुदूरपश्चिमको नेतृत्वमा...

'हाम्रो पार्टीबाट कैलाश चौधरी मुख्यमन्त्रीले दाबी गर्नुभएको हो । एकजनामात्र हो हामीले पेस गरेको । बाहिरको साथीहरू आएको हो भने त्यसलाई हाम्रो भन्न मिल्दैन,' श्रेष्ठले भनिन् । रञ्जिता-रेशमको कलहका कारण सुदूरपश्चिममा नागरिक उन्मुक्ति फुटको संघारमा पुगेको हो । तर रेशम-रञ्जिता निकटहरू भने मुख्यमन्त्री जसरी भए पनि सरकारको नेतृत्व नागरिक उन्मुक्तिले नै लिन सतही विवाद देखाएको दाबी गर्छन् ।

सुदूरपश्चिममा एकीकृत समाजवादीले पनि नेतृत्वमा दाबी गर्दै आएको थियो । सत्ता गठबन्धनको 'कि रोल'मा देखिएको एकीकृत समाजवादीले सात प्रदेशमध्ये एकमा नेतृत्व दाबी गरेको थियो । तर आइतबार बिहानै प्रधानमन्त्री पुष्पकमल दाहालको सरकारी निवास बालुवाटारमा बसेको गठबन्धनको बैठकले नागरिक उन्मुक्तिलाई सुदूरपश्चिमको नेतृत्व दिने सहमति गर्‍यो । जसकारण एकीकृत समाजवादी भड्किएसँगै लक्ष्मणकिशोरले मुख्यमन्त्रीमा दाबी गरेका हुन् ।

यता प्रदेश प्रमुखले आइतबार ५ बजेसम्मका लागि सरकार गठनको समयसीमा तोकेका थिए । चैत २२ गते नेपाली कांग्रेसका कमलबहादुर शाहले मुख्यमन्त्रीबाट राजीनामा दिएसँग मियाँले दस दिनको समयसीमा तोकेका थिए । अन्तिम समयमा काठमाडौंमा गठबन्धनको बैठकले निर्णय लिएसँगै कैलाश समूह अध्यक्ष रञ्जिताको पर्खाईमा बसे । यही मौका छोपेर एकीकृत समाजवादीसहितको समर्थनमा लक्ष्मणकिशोरले मुख्यमन्त्रीमा दाबी पेस गरेका हुन् । संविधानतः लक्ष्मणकिशोर मुख्यमन्त्री बन्नुपर्नेमा प्रदेश प्रमुख मियाँले सनाखत लिन लागिएकोप्रति एकीकृत समाजवादीका संसदीय दलका नेता दीर्घबहादुर सोडारीले आपत्ति जनाएका छन् । 'संविधानको धारा १६८ को उपधारा २ बमोजिम सरकार बनाउन लाइन लाग्नु पर्दैन । यसैले प्रदेश प्रमुखले यस विषयमा समय लिइरहनुपर्दैन । सनाखत गर्नैपर्दैन,' सोडारीले भने । एकीकृत समाजवादीलाई भनेपछि कैलाशलाई सघाउन केन्द्रबाट दबाब परेको बताइएको छ ।

#### बहुमत पुऱ्याउन गिरीको पुनर्बहाली

सर्वोच्च अदालतले नागरिक उन्मुक्ति पार्टीकी सुदूरपश्चिम प्रदेश सभा सदस्य इन्दिरा गिरीलाई पदमुक्त गर्ने निर्णय तत्काल कार्यान्वयन नगर्न आदेश गरेको छ । न्यायाधीश प्रकाशमान सिंह राउतको एकल इजलासले आइतबार गिरीलाई प्रदेशसभा सदस्यको हैसियतमा काम-कारबाही गर्न रोक लगाई पदमुक्त गने निर्णय तत्काल कार्यान्वयन नगर्न अन्तरिम आदेश गरेको हो ।

'सूचना प्रकाशित गर्नु अगावै निवेदिकालाई सुनुवाइको मौकासमेत दिएको देखिएन, औचित्यपूर्ण कारण र आधारविना यी निवेदिकालाई सुदूरपश्चिम प्रदेशको प्रदेशसभाको सदस्यबाट फिर्ता बोलाउनेगरी सूचना प्रकाशित गरेको देखिएको छ,' आदेशमा भनिएको छ, 'सो काम कारबाहीबाट निवेदिकालाई जनताको प्रतिनिधित्व गर्ने कार्यमासमेत असर पुग्न जाने देखिएकाले प्रस्तुत रिट निवेदनको अन्तिम टुंगो नलागेसम्म सुदूरपश्चिम प्रदेश, प्रदेशसभाको सदस्यबाट निवेदकलाई फिर्ता बोलाउने गरी सूचना प्रकाशित गर्ने प्रदेशसभाको माननीय सभामुखको मिति २०८०/१२/२६ को निर्णय निर्देशन तथा तत्सम्बन्धी पत्रहरूसमेत कार्यान्वयन नगर्नू, नगराउनू ।'

उक्त पार्टीका रेशम पक्षका गिरीसहित पाँचजना सदस्य तत्कालीन मुख्यमन्त्री कमलबहादुर शाहको सरकारमा सामेल गराएपछि पार्टीकी अध्यक्ष रञ्जिताले समानुपातिक सदस्य गिरीलाई सरकारबाट फिर्ता बोलाउने पत्र सभामुखलाई पठाएकी थिइन् । अध्यक्ष रञ्जिताकै पत्रका आधारमा सभामुख भीमबहादुर भण्डारीको निर्देशनमा प्रदेशसभा सचिवालयले गत चैत २६ गते गिरी प्रदेशसभा सदस्यबाट पदमुक्त भएको सूचना जारी गरेको थियो । उक्त सूचनाविरुद्ध सदस्य गिरीले सर्वोच्च अदालतमा रिट निवेदन दायर गरेकी थिइन् । गिरी लक्ष्मणकिशोरको पक्षमा खुलेकी छन् ।

●●●

### कानुन निर्माणमा...

सरकारकी प्रवक्ता तथा सञ्चारमन्त्री रेखा शर्माका अनुसार शुक्रबार बसेको मन्त्रिपरिषद्ले संसद्को अधिवेशन अन्त्य गर्ने निर्णय लिएको हो । त्यसअघि सत्ता गठबन्धनका प्रमुख दल एमाले अध्यक्ष केपी शर्मा ओली र माओवादी केन्द्रका अध्यक्ष एवं प्रधानमन्त्री पुष्पकमल दाहालबीच सिंहदरबारमा छलफल भएको थियो । छलफललगतै बसेको मन्त्रिपरिषद् बैठकले अधिवेशन अन्त्य गर्न राष्ट्रपतिसमक्ष सिफारिस गर्ने निर्णय गरेको थियो । यसले गर्दा सरकार कानुन निर्माणमा तदारुकता देखाउँदैन भन्ने पुष्टि हुन्छ । यसमा गृहमन्त्री लामिछानेको संरक्षण गर्ने सरकारी प्रयास मुख्य जिम्मेवारी पनि छ । यसअघि संसद्को बर्खे (बजेट) अधिवेशन भने वैशाख १५ गते अन्त्य गरिएको थियो । २४ गते बोलाइने गरिन्थ्यो । तर, यसपटक झन्डै दुई साता अगाडि नै संसद्को हिउँदे अधिवेशन सरकारले अन्त्य गरिदिएको हो । यसलाई लिएर कांग्रेस नेताहरूले असन्तुष्टि जनाएका छन् । अब संसद्को बजेट अधिवेशनका क्रममा बस्ने बैठकमा पनि कांग्रेसले समिति गठनको मागलाई उठाउने भएको छ ।

सो दलका प्रमुख सचेतक रमेश लेखकले वर्षे अधिवेशन, बजेट अधिवेशन ल्याउने समय भए पनि सरकार जिम्मेवार नभएको बताए । सरकारले प्रतिपक्षको मागलाई बेवास्ता गरेको र सहकारीमा आबद्ध पीडितहरूको विषयलाई नजरअन्दाज गरेर संसद्को अधिवेशन अन्त्य गरेको बताए । 'यो त सरकारको गैरजिम्मेवारी हो, सदनप्रति सरकारको कामलाई हामीले गैरजिम्मेवारको रूपमा लिएका छौं,' उनले भने ।

यता सत्तापक्षले हिउँदे अधिवेशन अन्त्य गर्नु स्वाभाविक भएको बताएको छ । आइतबार बसेको प्रतिनिधिसभाको बैठकपछि बाहिरिने क्रममा प्रमुख सत्ता घटक दल एमाले अध्यक्ष ओलीले हिउँदे अधिवेशन अन्त्य गर्नु स्वाभाविक भएको बताए ।

उनले हिउँदे अधिवेशन र बजेट अधिवेशनका बीचमा कम्तीमा १५ दिनको फरक राख्नुपर्ने भएकाले बजेट अधिवेशनको तयारीस्वरूप हिउँदे अधिवेशनको अन्त्य गर्नुपरेको टिप्पणी गरे । उनी कांग्रेसप्रति पनि खनिए । 'सरकारबाट बाहिरिनु परेपछि कांग्रेसले आक्रोश र पीडाले मनलाग्दी जे पायो त्यही बोलिरहेका छन्,' उनले भने ।

उनले संसद् पुराना अनुभवहरू लिएर चल्नुपर्ने भन्दै संसदीय प्रणालीलाई रक्षा गर्नुपर्ने बताए । उनले भने, 'अहिले अधिवेशन अन्त्य गरेन भने बजेट अधिवेशन, नीति, कार्यक्रम, प्रि-बजेट डिस्कसन आदिको कुराहरू, बजेटको तयारी, प्रस्तुति, विभिन्न विधेयकहरूको तयारी छलफल अनि यो अल्झिएर मात्रै बस्ने कुरा त भएन ।'

संसद्बाट बाहिरिने क्रममा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का प्रमुख सचेतक सन्तोष परियारले पनि संसद्को हिउँदे अधिवेशन अन्त्य गर्नु स्वाभाविक भएको बताए । परियारले रास्वपा सरकारमा गएका कारण प्रतिशोध साँध्न कांग्रेसले संसद् अवरुद्ध गरेको बताएका छन् । उनले जनताले रास्वपालाई दिएको जनमत कांग्रेसले स्वीकार गर्न नसकेको उल्लेख गरे । उनले कांग्रेसको विरोधका कारण नभई समयमा बजेट ल्याउनका लागि हिउँदे अधिवेशन अन्त्य गरिएको दाबी गरे ।


## गोकर्णेश्वर नगरपालिका
## गोकर्णेश्वर नगर अस्पताल

**गोकर्णेश्वर वडा नं ४**

**काठमाडौ, बागमती प्रदेश, नेपाल**

**सूचना नं GNH/२०८०/०८१/३**

**प्रथम पटक प्रकाशित मिति :२०८१/०१/०३**

आ.व.२०८०/०८१ को लागि अति आवश्यक ल्याबको केमिकल, रिएजेन्ट र सामग्रीहरू तथा औषधी र औषधीजन्य सामग्रीहरू बोलपत्रको माध्यमद्धारा खरिद गर्नुपर्ने भएकोले आयक तथा मूल्य अभिबृद्धि कर (VAT) मा दर्ता भएको इच्छुक फर्म, कम्पनी वा सप्लायर्सहरूबाट निम्नानुसारका शर्तहरूको अधिनमा रही बोलपत्र फाराम दाखिला गर्नुहुन १५ दिनको सूचना प्रकाशित गरिएको छ .

**तपशिल :**

| क्र.स. | ठेकका न. | विवरण | बोलपत्र जमानत रकम | बोलपत्र दस्तुर |
|---|---|---|---|---|
| १. | GNH/2080/81/4 | Biochemistry Fully Autoanylyzer Mindray Bs-360 E (reagent) | रु ३१,३१७/- | रु ३,०००/- |
| २. | GNH/2080/81/5 | Fully Automatic Chemiluminecenc, Hematology Analyzer Maccura Machine (Reagent) | रु १,०४,८७४/- | रु ३,०००/- |
| ३. | GNH/2080/81/6 | analyzer Machine Mispa Protin I3 Machine (reagent) | रु १३,८६९/- | रु ३,०००/- |
| ४. | GNH/2080/81/7 | Sodium potassium Analyzer Diastro Machine (reagent) | रु ४,३३६/- | रु ३,०००/- |
| ५. | GNH/2080/81/8 | ल्यावको Reagent अन्य सामाग्री | रु ३८,४२१/- | रु ३,०००/- |
| ६. | GNH/2080/81/3 | औषधी र औषधीजन्य सामग्रीहरू | रु ५,१९,२८५/- | रु ३०००/- |

**नोट**: माथि उल्लेखित खरिद गर्न खोजिएका ल्याबको केमिकल यस अस्पताल मा संचालनमा रहेका मेसिनरी उपकरणहरूमा उपयुक्त हुने प्रकृतिको हुनु पर्ने छ । अन्य बिस्तृत जानकारीको लागि कार्यालय समयमा सम्पर्क नं. ०१-४८००१५३ /४८००१११मा सम्पर्क राख्न सकिने छ ।



## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : GREEN JARJEER RESTAURANT

पुर्व स्वीकृति मिति २०८०/१२/३० LT. No. 303426 चलानी नं. ६०२१८२७५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Clean Worker | 2 | 0 | 1000 | ३६,५६० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | छ | २ वर्ष |
| 2 | General Cook | 2 | 0 | 1500 | ५४,८४० | | | | | | | |
| 3 | Waiter | 0 | 2 | 1400 | ५१,१८० | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ वैशाख १० गते (22nd April 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**SAAD OVERSEAS PVT.LTD.**

श्रम ईजाजत नं. 1587/079/80

Sundar Marg, Basundhara-3, Kathmandu, Nepal, Tel: 01-5905860, 5905859, Email: - saadoverseas25@gmail.com



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : FAHD FAHAD AL-HAJRI CONTRACTING EST.

पुर्व स्वीकृति मिति २०८०/०५/१९ पुन विज्ञापन स्वीकृति मिति २०८१/०१/०२ LT. No. 292041 चलानी नं. ६०२०७२३९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | HEAVY TRUCK DRIVER | 10 | 0 | 1800 | ६३,८६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी : TAHF AL MADAEN CONTRACTING EST.

पुर्व स्वीकृति मिति २०७९/११/१९ पुन विज्ञापन स्वीकृति मिति २०८१/०१/०२ LT. No. 282026 चलानी नं. ६०१९७५८४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Truck Driver | 2 | 0 | 1800 | ६३,८६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ वैशाख १० गते (22nd April 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Kapeel Manpower Pvt. Ltd.**

श्रम ईजाजत नं. १८५/०५७/०५८

P.O. Box: 8975, Kupandole, Lalitpur, Nepal
Tel: 01-5451901, Fax: 977-1-5542407
Mobile: 9851324457, 9823299605 E-mail: kapeelmanpowerpvtltd@gmail.com
Website: www.kapeelmanpower.com.np



## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : AMMAR BAHADUR HOSPITALITY SERVICES LLC

पूर्व स्वीकृति मितिः २०८०/०६/१८ पुन विज्ञापन स्वीकृति मितिः २०८१/०१/०२ LT. No. 293548 चलानी न.६०२०८७५२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner | 0 | 25 | 1300 | ४७,११५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ वैशाख १० गते (22nd April 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Sulav Recruitment Pvt.Ltd.**

Govt. License No. 1336/074/075

Maharajgunj, sankhapark, Kathmandu Nepal,
Telephone : +977 1 5903011/5903012
Email : sulavrecruitment@gmail.com, Website: www.sulavhr.com



## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनीः KRYSLER TRADING CONTRACTING & SERVICES L.L.C

पूर्व स्वीकृति मितिः २०८०/१२/२१ पुन विज्ञापन स्वीकृति मिति २०८१/०१/०२ LT. No 303002 चलानी नं. ६०२१६७०२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Driver | 1 | 0 | 1700 | ६२,१४९ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | छ | २ वर्ष |
| 2 | GENERAL CLEAN WORKER | 5 | 0 | 1000 | ३६,५५८ | | | | | | | |
| 3 | LABOUR | 4 | 0 | 1000 | ३६,५५८ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ वैशाख १० गते (22nd April 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः १०,०००/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Like International (Pvt) Ltd.**

श्रम ईजाजत नं. १५८०/०७९/०८०

Balkumari-9, Lalitpur, Kathmandu, Nepal, Tel: +977-1-44181444
Email: nocnepal@nassers.org



## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : RESTORAN BIRIYANI .

पुर्व स्वीकृति मिति २०८१/०१/०२ LT. No. : 303485 चलानी नं.६०२१८३०७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Resturant Crew | 8 | 0 | 1500 | ४२,३०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ वैशाख १० गते (22nd April 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः नि:शुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**APPOLO OVERSEAS SERVICES (P) LTD.**

G.P.O. Box: 25038, Samakhushi,Townplanning, KTM
Tel : +977-1-4363648, 4364403
Email: appolooverseas111@gmail.com

Govt. License 586/062/063

www.appolooverseas.com

# जिब्रो छेडी महाद्वीप बोकेर टोलटोल घुमे २८ वर्षीय सुजन

■ रमेश गिरी



मध्यपुरथिमि बोडेमा मनाइने जिब्रो छेड्ने जात्रामा आइतबार दोस्रोपटक जिब्रो छेडाएपछि २८ वर्षीय सुजन वाग श्रेष्ठ ।
तस्बिरः प्रदीपकुमार श्रेष्ठ

**भक्तपुर–** बिहानैदेखि सिन्दुर खेल्दै विभिन्न देवीदेवताका खटजात्रा गरेर रमाउँदै बिस्का चलिरहेको मध्यपुरथिमिमा मध्याह्नदेखि भने बोडे क्षेत्रमा मान्छेहरूको भीड बढ्दै गयो । हेर्दाहेर्दै मध्यपुरथिमि नगरपालिका बोडेको पाँचो गणेशको दक्षिण फर्केको पाटी आसपासदेखि बोडेको अधिकांश क्षेत्रमा मानिसहरूको भीड निकै बाक्लो भयो ।

बिस्केट जात्राको अवसरमा हरेक वैशाख २ गते मनाइने मध्यपुरथिमि बोडेको प्रसिद्ध जिब्रो छेड्ने जात्रा हेर्न दिउँसो १ बजेसम्म मानिसहरू खचाखच भरिएका थिए । दिउँसो २ बजे बासको चिम्टी बजाउँदै एक हुल मानिसहरू हातको साङ्लो बनाएर जिब्रो छेड्ने पाँचो गणेश मन्दिर क्षेत्रमा आएपछि सबैको ध्यान त्यतै केन्द्रित भयो । बीचमा जिब्रो छेड्न तयार भएका २८ वर्षीय सुजन वाग श्रेष्ठ बोडेका सबै देवीदेवताको मन्दिरमा पुगेर पूजा गर्दै आइपुगे ।

उनलाई बोडेबासीले जयजयकार गरे । त्यसपछि श्रेष्ठ पाँचो गणेशको दक्षिण फर्केको पाटीमा बनाइएको मञ्चमा उक्लिए । यसअघि १२ पटक जिब्रो छेडाइसकेका कर्मीनाय कृष्णचन्द्र वाग श्रेष्ठ, नाय पमाः जलकृष्ण पिला श्रेष्ठ, अर्का पमा माइला भासिको श्रेष्ठ, यसअघि आठपटक जिब्रो छेडाएका जुजुभाइ वाग श्रेष्ठ पनि मञ्चमा उक्लिए ।

जिब्रो छेड्न तयार भएका सुजनका आफ्नै ठूलोबुबा कर्मीनाय कृष्णचन्द्रले वरिपरि अक्षता फूल छर्किएर देवीदेवतालाई सम्झँदै धूपबत्ती बालेपछि एक महिनाअघि तयार पारी तेलमा डुबाइराखेको १० इञ्च लामो फलामको सुइरोले हजारौं मानिसहरूकै अगाडि २ बजेर ३५ मिनेटमा जिब्रो छेडिदिए ।

त्यसपछि सुजन सबैलाई नमस्कार र अभिभावदन गर्दै चन्द्राकारको भ्वाय् अर्थात् महाद्वीप बोकेर निस्किए । त्यसक्रममा जिब्रो छेडाएका अनुभवी जुजुभाइदेखि स्थानीय दीलकृष्ण प्रजापतिसमेतले दोस्रोपटक जिब्रो छेडाएका सुजनसँगसँगै हिँडेर हौसला प्रदान गरे ।

महाद्वीप बोकेर सुजनले करिब एक घण्टासम्म बोडेको टोलटोल घुमेर विभिन्न देवीदेवताका मन्दिरको परिक्रमा गरे । त्यसपछि जयजयकार गर्दै मन्दिरमा महालक्ष्मीको खट ल्याइपुऱ्याइयो । त्यसको केही क्षणपछि भाँगु टोलमा पुगेर महालक्ष्मी मन्दिरको पाँचपटक परिक्रमा गरेपछि महाद्वीपलाई मन्दिरबाहिर राखेर सुजन भित्र प्रवेश गरेपछि जिब्रोको सुइरो निकालेर मन्दिरको भित्तामा रहेको काठमा ठोकियो । त्यसपछि जात्रा पनि सम्पन्न भयो ।

चैत मसान्तको दिन बोडे महालक्ष्मी मन्दिर प्रांगणमा लिंगो उठाएपछि जिब्रो छेड्ने व्यक्तिले निराहार व्रत बसेर आइतबार जिब्रो छेडेपछि जिब्रोको घाउमा महालक्ष्मी मन्दिरको माटो झिकेर लाएर जिब्रो छेड्ने व्यक्तिले नाटचश्वरको पूजा गरेका थिए । प्वाल भएको जिब्रोमा महालक्ष्मीको माटो लगाए घाउ निको हुने र त्यसमा अन्य औषधि लाउनु नपर्ने मान्यता रहेको लदीलकृष्ण्म प्रजापति बताउँछन् ।

परम्परादेखि चल्दै आएको जिब्रो छेड्ने जात्रालाई लोप हुनबाट जोगाउन यसअघि नवौंपटक जिब्रो छेडेका बुद्धकृष्णकै कान्छो छोरा गत वर्ष र यस वर्ष जिब्रो छेडेर जात्राले निरन्तरता पायो ।

जात्राको किंवदन्तीअनुसार प्राचीनकालमा बोडेमा नीलबाराहीको दायाँबायाँ बस्ने भूत-प्रेत, पिशाच, ख्याक तथा कंकालले बोडेका मानिसलाई धेरै दुःख दिने गरेपछि तान्त्रिक भीमदत्त कर्माचार्यले तान्त्रिक विद्याले थापेको पासोमा त्यसलाई पारेर कपाल काटे, लुगा फुकाले र लामो सियो जबर्जस्ती जिब्रोमा घुसारी भाग्न नपाओस् भनी घुँघरु बाँधिदिए बलेको महाद्वीप काठको गह्रुंगो भारी बोकाएर बोडे घुमाएको मान्यता छ ।

कष्ट सहन नसकी पिशाचले आफूलाई छाडिदिए जुनसुकै वाचा गर्ने बताएपछि भीमदत्तले अब उप्रान्त बोडे देशमा दुःख नदिने, बोडेमा रोग, अनिकाल, अनावृष्टि, अतिवृष्टि, महाभूकम्प हुन नदिने, धर्मको चेष्टा बढाउने र बोडेवासीले भनेझैं सात वर्षसम्म सोही दिन जिब्रो छेड्न आउनुपर्ने वाचा गराई छाडिदिएको विदन्ती छ ।

एक रात सपनामा नीलबाराहीले आफ्नो द्वारपाललाई अपमानित गरेकाले भीमदत्तलाई बाँकी नराख्ने भनी आक्रोश व्यक्त गरेपछि पछुतो मान्दै भीमदत्तले जिब्रो छेड्नु अगाडि क्षमा पूजा गर्ने चलन अहिलेसम्म पनि कायमै छ ।

तर यो कथनलाई मान्न तयार छैनन्, बुद्धकृष्ण । उनी भन्छन्, 'यो जात्रा नील बाराही देवीको प्रतिष्ठासँग जोडिएको छ, जिब्रो छेड्ने व्यक्ति भूत, पिसाच कोही नभई नील बाराहीका देव गण हुन् ।' जिब्रो छेड्ने व्यक्तिलाई ख्याक र राक्षससँग जोडेर भ्रम फैलाउन नहुने बताउँछन् उनी । 'जिब्रो छेड्ने व्यक्ति ख्याक वा राक्षर होइनन्, देवगण हुन् भन्ने सबैलाई बुझाउनु जरुरी छ,' उनले भने । *रासस*

## काठमाडौंमा 'ट्राफिक सचेतना विशेष अभियान' सुरु

काठमाडौं (प्रस)- सभ्य सडक संस्कारका माध्यमबाट सवारी दुर्घटना न्यूनीकरण गर्ने उद्देश्यले काठमाडौं उपत्यका ट्राफिक प्रहरी कार्यालयले आइतबारदेखि 'ट्राफिक सचेतना विशेष अभियान-२०८१' सुरु गरेको छ ।

उक्त अभियानको आइतबार बिहान उपप्रधान एवं गृहमन्त्री रवि लामिछानेले शुभारम्भ गर्दै नेपालको सार्वजनिक यातायातलाई थप भरपर्दो र दुर्घटनारहित बनाउन विशेष अपरेसन सञ्चालन गर्ने घोषणा गरेका छन् ।

गृहमन्त्री लामिछानेले आवश्यक संशोधन गर्नुपर्ने नीति, नियम र ऐन संशोधन गरेरै भए पनि सार्वजनिक यातायातको रुट तथा सहज सडक यात्राको सुधारमा मन्त्रालय लागिरहेको बताए । ट्राफिक नियम पालनामा लापरवाही भइरहेको सन्दर्भ जोड्दै उनले अब प्रहरीको बोली नरम र कारबाही कडा हुनुपर्नेमा उनले जोड दिए ।

सरकारले ट्राफिक प्रहरीलाई दिँदै आएको इन्सेन्टिभ पुनः वितरण गर्ने जानकारी गराउँदै उनले अब नियम उल्लंघन गर्नेविरुद्ध जानकारी (रिपोर्टिङ) गर्नेलाई समेत पुरस्कार दिनेगरी काम गर्ने तयारीमा मन्त्रालय लागेको जानकारी दिए ।

काठमाडौं उपत्यका प्रहरी कार्यालयका प्रमुख, प्रहरी अतिरिक्त महानिरीक्षक दीपक थापाले उपत्यकाको ट्राफिक व्यवस्थापन र सार्वजनिक यातायात व्यवस्थापनमा विशेष ध्यान दिएर काम थालेको बताए । उनले यातायातमासमेत सिसी क्यामरा जडान गर्न सके दुर्व्यवहार रोक्न सहज हुने उल्लेख गर्दै साझा यातायातसँग सो विषयमा छलफल भइसकेको जानकारी दिए ।

**हकदावी गर्न आउने बारे ३५ दिने सूचना**

कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वरमा दर्ता भसाई भिजन प्रा.लि. (दर्ता नं. ४४४६९/०६३/०६४) को मिति २०८१/०१/०१ गते बसेको बार्षिक साधारणसभाले कम्पनी खारेज गर्ने निर्णय गरेकोले उक्त कम्पनीसँग कोही कसैको लेनदेन वा कम्पनीले तिर्नु बुझाउनु पर्ने कुनै दायित्व भएमा प्रमाण सहित यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र लिक्वीडेटरको कार्यालय बानेश्वर काठमाडौंमा सम्पर्क गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ । अन्यथा तोकिएको म्यादभित्र हकदावी गर्न नआए उक्त कम्पनी खारेजीको प्रकृया अगाडि बढाई दर्ता खारेज गरिने छ ।

**लिक्वीडेटरः तेज प्रसाद खराल, इजाजतपत्र नं. ४१५**
**फोन नं. ९८५१०१९५२८, ईमेल** : semantamani@gmail.com

**कुमारी बैंक लिमिटेड काठमाडौंको नाममा रहेको गैह्र बैंकिङ्ग सम्पत्ति (घर/जग्गा) लिलाम बिक्रीको लागि ७ दिने गोप्य शिलबन्दी बोलपत्र आह्वानको सूचना**

(प्रकाशित मिति २०८१/०१/०३ गते प्रभाव दैनिक)

यस कुमारी बैंक लिमिटेडको नाममा दर्ता कायम रहेको तपसिलमा उल्लिखित गैह्र बैंकिङ्ग सम्पत्ति (घर/जग्गा) जहां जे जस्तो अवस्था र परिमाणमा छ, सोही अवस्था र परिमाणमा लिलाम बिकी गर्न ७ दिने गोप्य शिलबन्दी बोलपत्रको सुचना प्रकाशित गरीएको छ । उक्त गैह्र बैंकिङ्ग सम्पत्ति खरिद गरि लिन ईच्छुक महानुभावहरुले देहायका शर्तहरुको अधिनमा रहि गोप्य शिलबन्दी बोलपत्र दिनहुन सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**

१. कुमारी बैंक लिमिटेडको नाममा मालपोत कार्यालय, चितवनमा दर्ता कायम रहेको चितवन जिल्ला, मंगलपुर गा.वि.स/न.पा वडा नं. ७ स्थित कित्ता नं. ७६ र ३०२ को क्षेत्रफल कमश ०-८-१-० र ०-३-१-० (बि.क.धु.क) को जग्गा/घर तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत ।

**शर्तबन्देजहरुः**

१. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको **मितिले ७ औ दिन अर्थात मिति २०८१ वैशाख ९ गते** सम्म कुमारी बैंक लि.को केन्द्रिय कार्यालय अन्तर्गत कर्जा असुली बिभाग बागबजार, काठमाण्डौमा कार्यालय समय भित्र प्राप्त भई सक्नु पर्नेछ ।
२. बोलपत्र फारम यस बैंक लि.को केन्द्रिय कार्यालय अन्तर्गत कर्जा असुली बिभाग बागबजार, काठमाण्डौबाट रु ५००/- तिरी प्राप्त गर्न सकिने छ । सो बोलपत्रमा उल्लिखित शर्तहरु समेत यसै सूचनाकै अभिन्न अंग मानिने छ ।
३. बोलपत्रमा आफुले सकार गरि लिन चाहेको गैर बैंकिङ्ग सम्पत्ति के कति रकममा सकार गरि लिन चाहेको हो स्पष्ट रुपमा अंक तथा अक्षरमा स्पष्ट रुपमा लेखिएको हुनु पर्नेछ । बोलपत्र पेश गर्दा आफुले कबुल गरेको रकमको १०(दश) प्रतिशतले हुन आउने रकम धरौटि बापत यस बैंकमा जम्मा गरि सोको भौचर, यस बैंकको नाममा खिचिएको बैंक गुड फर पेमेन्ट (Good For Payment) चेक बोलपत्रको साथमा संलग्न गरेको हुनु पर्ने छ । सो बाहेक अन्य कुनै किसिमको धरौटी स्वीकार गरिने छैन साथै धरौटी रकममा कुनै ब्याज दिईने छैन ।
४. उक्त घर/जग्गा व्यक्ति वा संस्था एक्लैले वा संयुक्त रुपमा पनि खरिद गर्न सक्ने गरि बोलपत्र पेश गर्न सकिने छ । व्यक्तिको हकमा नागरिकताको प्रमाणपत्रको प्रतिलिपी र संस्थाको हकमा दर्ता प्रमाणपत्र र स्थायी लेखा नंबरको प्रतिलिपी पेश गर्नु पर्ने छ ।
५. यो सूचना प्रकाशित भएको **मितिले ८ औ दिन अर्थात मिति २०८१ वैशाख १० गते अपरान्ह ३:०० बजे** बोलपत्रदाता वा निजको प्रतिनिधि र अन्य प्रतिनिधिहरुको रोहवर बैंकको केन्द्रिय कार्यालय अन्तर्गत कर्जा असुली बिभाग बागबजार, काठमाण्डौंमा बोलपत्र खोलिने छ । बोलपत्रदाता वा निजको प्रतिनिधिको अनुपस्थितिले मात्र बोलपत्र खोल्न बाधा पुगेको मानिने छैन ।
६. बोलपत्र बुझाउने अन्तिम दिन/खोल्ने दिन बैंक बिदा परेमा सो को भोलिपल्ट अर्थात बैंक खुलेको दिन सोहि समय भित्र बोलपत्र बुझाउन /खोल्न सकिने छ ।
७. म्याद नाघि वा रित नपुगी आएको तथा शर्त राखि दिएको बोलपत्र उपर कुनै कारवाही गरिने छैन ।
८. बोलपत्र स्वीकृत भएमा सम्बन्धित बोलपत्रदाताले सोको सूचना पाएको मितिले १५(पन्ध्र) दिन भित्र बोलकबोल गरेको धरौटी बाहेकको बांकी रकम रकम यस बैंकमा जम्मा गर्नु पर्नेछ, अन्यथा धरौटी बापत जम्मा भएको रकम जफत हुने छ ।
९. प्राप्त भएको गोप्य शिलबन्दी बोलपत्र अन्तर्गत सबै भन्दा बढि अंक कबुल गर्नेलाई समेत बोलपत्र आंशिक वा पूर्ण रुपमा स्वीकार गर्ने वा नगर्ने वा पुन: थप निगोशियसन गर्ने वा लिलाम प्रकृयानै रद्द गर्ने सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहने छ ।
१०. लिलाम गरिएको सम्पत्ति दाखिल खारेज गर्न सम्बन्धित निकाय अड्डा आदिमा लाग्ने सबै प्रकारका कर, राजश्व, दस्तुर आदि सम्पूर्ण दायित्व बोलपत्रदाताले ब्यहोर्नु पर्नेछ ।
११. अन्य थप जानकारी चाहिएमा बैंकको प्रधान कार्यालय अन्तर्गत कर्जा असुली बिभाग बागबजार, काठमाण्डौंमा सम्पर्क गर्न सकिने छ ।

**बोलपत्र खोलिने मिति २०८१ वैशाख १० गते सोमबार अपरान्ह ३:००**

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि

**शाखा कार्यालय बागबजार, काठमाण्डौ फोन नं. ०१-४२४६१०५**

**नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेडको बैंकमा धितो राखेको चल/अचल सम्पत्ति लिलाम बिक्री गर्ने सम्बन्धी ०७ दिने अत्यन्त जरुरी सूचना**

(प्रकाशित मिति : २०८१/०१/०३)

यस बैंक (साबिक नेपाल इन्भेष्टमेण्ट बैंक लि. र मेगा बैंक नेपाल लि. एक आपसमा गाभिएर बनेको संस्था)का तपसिलमा उल्लेखित ऋणीहरुले यस बैंकबाट उपभोग गर्नुभएको कर्जा रकम बैंकसँग गर्नुभएको कर्जा सम्झौता बमोजिम तिर्न बुझाउनको लागि बैंकबाट पटक पटक मौखिक, लिखित ताकेता गर्दा तथा देहाय बमोजिम विभिन्न मितिमा ऋण, कर्जा चुक्ता गर्न सार्वजनिक सूचना प्रकाशित गर्दा समेत सम्बन्धित ऋणीले ऋण कर्जा तिर्नेतर्फ पूर्ण वेवास्ता गरि कर्जा चुक्ता गर्नेतर्फ कुनै पहल नगरेको हुनाले यो लिलाम सूचना प्रकाशित गरिएको छ । लिलाम हुने दिनसम्म उक्त कर्जाको सम्पूर्ण साँवा, व्याज तथा हर्जाना लगायतका अन्य दैदस्तुर समेत तिरी बुझाई कर्जा चुक्ता भुक्तान गर्न गराउन सकिने व्यहोरा सम्बन्धित ऋणी तथा जमानीकर्ताहरु समेतलाई यो सूचनाद्वारा जानकारी गराईन्छ । उक्त म्यादभित्र समेत सो कर्जा चुक्ता नभएमा ऋणी लगायत सम्बद्ध सबैलाई नेपाल राष्ट्र बैंकद्वारा इजाजतपत्र प्राप्त बैंक तथा वित्तीय संस्थाहरुलाई जारी एकिकृत निर्देशन बमोजिम प्रक्रिया अगाडि बढाउने व्यहोरा जानकारी गराउँदै कर्जाको सुरक्षणको रुपमा बैंकलाई धितोबन्धक लेखिदिएका तपसिलमा उल्लेखित सम्पति जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरि उल्लेखित बमोजिमको मिति, समय र स्थानमा **गोप्य शिलबन्दी बोलपत्रको माध्यमबाट** लिलाम बिक्री गरिने भएकाले सो सम्पति खरिद गरिलिन ईच्छुक महानुभावहरुको जानकारीको लागि समेत यो सूचना प्रकाशित गरिएको छ । उक्त दिन उपस्थित हुन सम्बन्धित ऋणी, सुरक्षण धनी, इच्छुक खरिदकर्ता तथा सम्बद्ध सबैमा अनुरोध छ । कुनै कारणवश तपसिलमा उल्लेखित सम्पति लिलाम बिक्री नभएमा सो सम्पति अन्य व्यवस्था गरी बेचबिखन गर्नसक्ने वा प्रचलित कानून बमोजिम बैंकले सकार गरी लिनसक्ने र उक्त सम्पतिबाट बैंकको सम्पूर्ण बक्यौता रकम असुल उपर नभएमा प्रचलित कानून बमोजिम असुल उपर गर्न आवश्यक कारवाही अघि बढाईने व्यहोरा समेत जानकारी गराईन्छ ।

**बोलपत्र पेश गर्ने अन्तिम मिति**
२०८१/०१/०९

**बोलपत्र खोलिने मिति**
२०८१/०१/१० दिउँसो ३ बजे

**तपसिल**

| क्र. सं. | कर्जा शिर्षक | ऋणीको नाम, थर, वतन तथा व्यक्तिगत जमानीकर्ताहरुको विवरण | धितो सुरक्षणमा रहेको चल/अचल सम्पतिको विवरण |
|---|---|---|---|
| १. | विविध कर्जा | **ऋणी : डाईमी ट्रेडिङ्ग प्रा.लि.**<br>दर्ता नं. : १६०३५०/०७३/०७४<br>ठेगाना : गोकर्णेश्वर १३, काठमाडौं<br>**व्यक्तिगत जमानीकर्ताहरु :**<br>**१. शान्ता बुढाथोकी**<br>(ना.प्र.नं. १६३१२५७८, मिति २०६१/०९/०५ मा जि.प्र.का. सिराहाबाट जारी भएको)<br>बाबु : गोपाल बहादुर बुढाथोकी<br>बाजे : लोक बहादुर बुढाथोकी<br>**२. गुञ्जन कुमार**<br>(रजिष्ट्रेशन नं. १०६०/११, मिति ई.स. २८/०२/२०११ मा भारतीय राजदूतावास काठमाण्डू (नेपाल) बाट जारी भएको)<br>बाबु : शिवाजी प्रसाद<br>बाजे : हरि प्रसाद | १. डाईमी ट्रेडिङ्ग प्रा.लि.को नाममा काठमाडौं जिल्ला मालपोत कार्यालय चावहिल, काठमाडौंमा दर्ता कायम रहेको काठमाडौं जिल्ला, जोरपाटी गा.वि.स./न.पा. वडा नं. ०५ स्थित कि.नं. ६१ (१४६.०० व.मी.) क्षेत्रफल भएको घर/जग्गा तथा उक्त घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलिगापात समेत ।<br>२. शान्ता बुढाथोकीको नाममा काठमाडौं जिल्ला मालपोत कार्यालय चावहिल, काठमाडौंमा दर्ता कायम रहेको काठमाडौं जिल्ला, जोरपाटी गा.वि.स./न.पा. वडा नं. ०४ स्थित कि.नं. २५६ (९५.३७ व.मी.), कि.नं. २५७ (९५.३७ व.मी.) र कि.नं. ३०४ (२२४.५९ व.मी.) क्षेत्रफल भएका जग्गाहरु तथा उक्त जग्गाहरुले चर्चेको सम्पूर्ण लिगलिगापात समेत । |
| २. | विविध कर्जा | **ऋणी : हामीनिट इन्डष्ट्रीज प्रा.लि.**<br>दर्ता नं. : १५१७०५/७२/०७३<br>ठेगाना : गोकर्णेश्वर १३, काठमाडौं<br>**व्यक्तिगत जमानीकर्ताहरु :**<br>**१. शान्ता बुढाथोकी**<br>(ना.प्र.नं. १६३१२५७८, मिति २०६१/०९/०५ मा जि.प्र.का. सिराहाबाट जारी भएको)<br>बाबु : गोपाल बहादुर बुढाथोकी<br>बाजे : लोक बहादुर बुढाथोकी<br>**२. गुञ्जन कुमार**<br>(रजिष्ट्रेशन नं. १०६०/११, मिति ई.स. २८/०२/२०११ मा भारतीय राजदूतावास काठमाण्डू (नेपाल)बाट जारी भएको )<br>बाबु : शिवाजी प्रसाद<br>बाजे : हरि प्रसाद | १. शान्ता बुढाथोकीको नाममा काठमाडौं जिल्ला मालपोत कार्यालय चावहिल, काठमाडौंमा दर्ता कायम रहेको काठमाडौं जिल्ला, जोरपाटी गा.वि.स./न.पा. वडा नं. ०४ स्थित कि.नं. २५९ (१०५.३१ व.मी.) क्षेत्रफल भएको जग्गा तथा उक्त जग्गाले चर्चेको सम्पूर्ण लिगलिगापात समेत ।<br>२. शान्ता बुढाथोकीको नाममा काठमाडौं जिल्ला मालपोत कार्यालय चावहिल, काठमाडौंमा दर्ता कायम रहेको काठमाडौं जिल्ला, जोरपाटी गा.वि.स./न.पा. वडा नं. ०४ स्थित कि.नं. २०३ (१०८.५० व.मी.) क्षेत्रफल भएको घर/जग्गा तथा उक्त घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलिगापात समेत ।<br>३. शान्ता बुढाथोकीको नाममा काठमाडौं जिल्ला मालपोत कार्यालय चावहिल, काठमाडौंमा दर्ता कायम रहेको काठमाडौं जिल्ला, जोरपाटी गा.वि.स./न.पा. वडा नं. ०४ स्थित कि.नं. २६० (१६४.९२ व.मी.) क्षेत्रफल भएको घर/जग्गा तथा उक्त घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलिगापात समेत ।<br>४. शान्ता बुढाथोकीको नाममा काठमाडौं जिल्ला मालपोत कार्यालय चावहिल, काठमाडौंमा दर्ता कायम रहेको काठमाडौं जिल्ला, जोरपाटी गा.वि.स./न.पा. वडा नं. ०२ स्थित कि.नं. ७ (१२७.२० व.मी.) क्षेत्रफल भएको घर/जग्गा तथा उक्त घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलिगापात समेत । |
| ३. | विविध कर्जा | **ऋणी : तकिन्जो इन्डष्ट्रीज प्रा.लि.**<br>दर्ता नं. : ७०००५/०६६/०६७<br>ठेगाना : जोरपाटी ०४, काठमाडौं<br>**व्यक्तिगत जमानीकर्ताहरु :**<br>**१. शान्ता बुढाथोकी**<br>(ना.प्र.नं. १६३१२५७८, मिति २०६१/०९/०५ मा जि.प्र.का. सिराहाबाट जारी भएको)<br>बाबु : गोपाल बहादुर बुढाथोकी<br>बाजे : लोक बहादुर बुढाथोकी<br>**२. गुञ्जन कुमार**<br>(रजिष्ट्रेशन नं. १०६०/११, मिति ई.स. २८/०२/२०११ मा भारतीय राजदूतावास काठमाण्डू (नेपाल) बाट जारी भएको )<br>बाबु : शिवाजी प्रसाद<br>बाजे : हरि प्रसाद | १. तकिन्जो इन्डष्ट्रीज प्रा.लि.को नाममा काठमाडौं जिल्ला मालपोत कार्यालय चावहिल, काठमाडौंमा दर्ता कायम रहेको काठमाडौं जिल्ला, जोरपाटी गा.वि.स./न.पा. वडा नं. ०४ स्थित कि.नं. ९४ (८०.०० व.मी.) र कि.नं. २५८ (७५०.०० व.मी.) क्षेत्रफल भएका जग्गाहरु तथा उक्त जग्गाहरुले चर्चेको सम्पूर्ण लिगलिगापात समेत ।<br>२. शान्ता बुढाथोकीको नाममा ललितपुर जिल्ला मालपोत कार्यालय लगनखेल, ललितपुरमा दर्ता कायम रहेको ललितपुर जिल्ला, चापागाउँ गा.वि.स./न.पा. वडा नं. ०८ (ख) स्थित कि.नं. ४५ (५३२.५९ व.मी.) र कि.नं. ५८३(२५०.३६ व.मी.) क्षेत्रफल भएका जग्गाहरु तथा उक्त जग्गाहरुले चर्चेको सम्पूर्ण लिगलिगापात समेत ।<br>३. शान्ता बुढाथोकीको नाममा काठमाडौं जिल्ला मालपोत कार्यालय चावहिल, काठमाडौंमा दर्ता कायम रहेको काठमाडौं जिल्ला, जोरपाटी गा.वि.स./न.पा. वडा नं. ०४ स्थित कि.नं. १२२ (२७४ व.मी.), कि.नं. १२८ (३४७ व.मी.) र कि.नं. ३७० (५०८.७४ व.मी.) क्षेत्रफल भएका जग्गाहरु तथा उक्त जग्गाहरुले चर्चेको सम्पूर्ण लिगलिगापात समेत । |
| ४. | व्यक्तिगत मोर्टगेज कर्जा | **ऋणी : शान्ता बुढाथोकी**<br>(ना.प्र.नं. १६३१२५७८, मिति २०६१/०९/०५ मा जि.प्र.का. सिराहाबाट जारी भएको)<br>ठेगाना : विष्णुपुर क ी ०८, सिराहा<br>बाबु : गोपाल बहादुर बुढाथोकी<br>बाजे : लोक बहादुर बुढाथोकी<br>**व्यक्तिगत जमानीकर्ता :**<br>**गुञ्जन कुमार**<br>(रजिष्ट्रेशन नं. १०६०/११, मिति ई.स. २८/०२/२०११ मा भारतीय राजदूतावास काठमाण्डू (नेपाल)बाट जारी भएको )<br>बाबु : शिवाजी प्रसाद<br>बाजे : हरि प्रसाद | शान्ता बुढाथोकीको नाममा ललितपुर जिल्ला मालपोत कार्यालय लगनखेल, ललितपुरमा दर्ता कायम रहेको ललितपुर जिल्ला, चापागाउँ गा.वि.स./न.पा. वडा नं. ०७ (ग) स्थित कि.नं. १४८ (९२९.९६ व.मी.), कि.नं. १५१ (१७०९.०२ व.मी.) र कि.नं. १४१ (३४०२.१३ व.मी.) क्षेत्रफल भएका जग्गाहरु तथा उक्त जग्गाहरुले चर्चेको सम्पूर्ण लिगलिगापात समेत । |

**धितो लेखिदिने तथा व्यक्तिगत जमानी दिनेलाई सूचना :**

उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै प्रकाशित सूचनाको म्यादभित्र शिघ्र कर्जा भुक्तानी गरि/गराई आफ्नो सम्पतिको उचित संरक्षण गर्नुहुन समेत यसै सूचनाबाट अनुरोध गरिएको छ । तोकिएको दिन धितो लिलाम बिक्रीको कार्य हुने भएकोले लिलाम हुँदाका दिन लिलामबाट कायम हुने धितो मूल्य घटी वा वढी हुने प्रक्रियामा समेत धितो धनीलाई उपस्थित हुन सूचित गरिएको छ । धितो लेखिदिएको सम्पति लिलाम बिक्री गरि वा बैंक आफैले सकार गर्दा समेत साविकमा बैंकबाट भएको मूल्याङ्कन भन्दा कम मूल्यमा लिलाम बिक्री भएमा वा बैंक आफैंले सकार गरिलिएमा पछि मेरो/हाम्रो सम्पतिको उचित मूल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैंले सकार गरिलियो भनी कहि कतै उजुर बाजुर गर्न पाउनुहुनेछैन । साथै धितो लिलाम बिक्री सम्बन्धि अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख भए बमोजिम हुनेछन् ।

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

**नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेड**
दरबारमार्ग काठमाडौं, नेपाल, पोष्ट बक्स नं.: ३४१२
फोन नं. ९७७-१-४२२८२२९, ४२४२५३०
इमेलः info@nimb.com.np, वेबसाइटः www.nimb.com.np

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

### गतिहीन संसद्

**संसद् विधि विधान बनाउने थलो हो । तर संघीयता सुरु भएको आठ वर्ष पुग्दा पनि संसद्बाट संघीय कानुनहरू बन्न सकेका छैनन् । अझ यो वर्षको संसद् त निकै सुस्त रह्यो । देशको कानुन बनाउन भनेर करोडौं खर्चेर चुनाव हुन्छ । विधायकहरूको तलब र संसद् भवनमा बर्सेनि करोडौं खर्च हुन्छ । एक वर्षमा झण्डै ५० करोड रूपैयाँको हाराहारीमा संसद्का सदस्यहरूको सेवासुविधामा खर्च भएको देखिन्छ । तर संसद्का सदस्यहरूको कामको गति हेर्दा लाजमर्दो छ ।**

**कानुन बनाउन भनेर संसदीय समितिका सांसदहरूको हस्याङफस्याङ हेर्दा निकै प्रगति भएझैँ देखिए पनि गत वर्ष सम्पत्ति शुद्धीकरणसम्बन्धी विधेयक बल्लतल्ल पास भयो । त्यो पनि विदेशस्थित संस्थाले ताकेता गरेपछि । सदनमा भाषणमा चर्का कुरा गरे पनि सांसदले कानुन बनाउने विषयमा खासै योगदान दिएको देखिन्न । पहिलो त सांसदमा अध्ययनको नै कमी देखिन्छ । पार्टी, जिल्लाका कार्यक्रम, गैरसरकारी संघसंस्थाका गोष्ठी सम्मेलन र कार्यक्रममा अतिथि बनेरै समय बिताउने सांसदहरूले अध्ययन गर्न मौका पाउने पनि कुरै भएन ।**

**त्यसैले होल वर्ष २०८० मा दुई–दुईवटा अधिवेशन सकाउँदा संघीयतालाई कार्यान्वयनमा लैजानका लागि महत्त्वपूर्ण मानिने कानुनहरू बनाउन सकेन । प्रहरी समायोजन कानुन, कर्मचारी समायोजन कानुन, विद्यालय शिक्षा कानुन संघीयतालाई कार्यान्वयनमा लैजाने मुख्य कानुनहरू हुन् । तर यी विधेयक संसद्मा अलपत्र अवस्थामा छन् ।**

**सम्पत्ति शुद्धीकरणको क्षेत्रमा निगरानी राख्ने अन्तर्राष्ट्रिय निकाय फाइनान्सियिल एक्सन टास्क फोर्स (एफएटिएफ)ले पटक–पटक ताकेता गरेपछि सम्पत्ति शुद्धीकरणसम्बन्धी कानुन बल्ल बनेको हो । यो बीचमा संसद् दुईवटा विषयले धेरै समय अवरोध भयो । यसरी अवरोध गर्ने अरू कोही नभएर प्रमुख दुई दल नेपाली कांग्रेस र नेकपा एमाले नै हो । एमालेले ६० किलो भनिएको सुन प्रकरणमा उच्चस्तरीय छानबिन समिति बनाउन माग गर्दै लामो समय सदन अवरोध गऱ्यो । सरकारले पनि यो विषयमा एमालेलाई पेलेरै जाने नीति बनायो । अन्ततः सरकारले समिति बनाएर अनुसन्धान थाल्यो । यता सहकारी ठगी प्रकरणमा कांग्रेसले संसदीय छानबिन समिति माग गर्दै पछिल्लो समय सदन अवरुद्ध पारेपछि सभामुख देवराज घिमिरेले सदनको तेस्रो अधिवेशन नै अन्त्य गरिदिए । कांग्रेसले भने सहकारीपीडितहरूलाई न्याय दिन आफ्नो पार्टीले आन्दोलन नछाड्ने जनाउ दिएको छ । यसरी हेर्दा संसद् विरोध र शक्ति प्रदर्शन थलोजस्तै देखिएको छ । मुख्य काममा भने सदन सदाझैं सुस्त देखिएको छ । यसरी संसद्लाई गतिहीन बनाउँदा जनतामा निराशा छाएको छ । संसद्प्रतिको विश्वास घट्दो छ । यो काम स्वयं सांसदहरूकै गैरजिम्मेवारीपनका कारण भएको हो ।**

## मनन्योग्य

### चाणक्य नीति

पुण्डरीकाक्षले भने- 'यी बालक ज्ञान आर्जन गर्न मगध देशबाट आएका हुन् । यिनको बुद्धिको प्रशंसा मेरा एक मित्रले चिठीमा गरेका छन सामान्य व्यक्तिले धेरै प्रयत्न गर्दा पनि नपाउने ज्ञान यिनले पाएका छन् यस्ता कुरा सुनी कुलपतिले अभिभूत भएर भने बिहानै विद्यालय आउन विश्वविद्यालयलाई तिमीजस्तो प्रतिभावान्को आवश्यकता छ । कसरी विष्णुगुप्तले पुण्डरीकाक्ष र कुलपतिका कृपाले विश्वविद्यालयमा प्रवेश पाए ।

समय बित्दै गयो, धेरै वसन्त आए गए । कति पात झरे, पलाए । पूरा निष्ठा र लगनले अध्ययन गर्न लागे विष्णुगुप्त । अध्ययन गर्दै जाँदा पारे समयमा नै उनको बुद्धिमत्ताका कारण सहपाठीहरूमा र आचार्यका दृष्टिमा आफ्नो स्थान उच्च बनाए। पढाउँदा पनि गुरुले विष्णुगुप्तको उपमा दिएर पढाउन लागे ।


पहिलो प्राथमिकता उनीहरूको हो, तर पनि प्रतिभाको तिरस्कारचाहिँ होइन, कुलपतिजी तिम्रा प्रतिभाले प्रभावित भएमा तिम्रो प्रवेश निश्चित छ, म पनि यसमा धेरै प्रयास गर्नेछु, बिहानै कुलपतिलाई भेटौंला, विश्राम गर ।

'विष्णुगुप्त ! म विहान घुम्न निस्कन्छु, म चाहन्छु तिमी पनि हिंड, कुलपतिजी पनि सधै निस्कनुहुन्छ, त्यही भेट हुन्छ । यसरी आचार्यको आज्ञा पाउनुभन्दा अगाडि विष्णुगुप्तले आफ्नो नित्यकर्म पूरा गरी आँगन सम्पूर्ण सफा गरिसकेका थिए । अनि आचार्यसँग विष्णुगुप्त भ्रमणमा निस्किए । नही किनारमा कुलपतिसँग भेट भयो ।

नजिकै आइपुगेपछि विष्णुगुप्तले साष्टाङ्ग दण्डवत गरेर पाठको धूलो निधारमा लगाए । आचार्यसँग कुलपतिको वार्तापछि जिज्ञासु दृष्टिले विष्णुगुप्ततिर हेरे । पुण्डरीकक्षले जवाफ दिनुभन्दा पहिले विष्णुगुप्तले भने- 'आफ्नो असीम जिज्ञासा शान्त गर्न यो अनाथ विष्णुगुप्त आचार्य पुण्डरीकाक्षमार्फत हजुरका शरणमा आएको छ । यस्तो स्पष्ट र ओजस्वी उत्तर पाएर कुलपतिले आर्शीवाद दिँदै भने- 'योग्यजस्ता छौ, कहाँबाट आयो ?'

क्रमशः

# निर्वाचन प्रणालीमा सुधारको खाँचो



**डा. चन्द्र भण्डारी**
**प्रतिनिधिसभा सदस्य**

> समानुपातिक निर्वाचन प्रणालीबाट विज्ञ व्यक्तिलाई सदनमा ल्याउनुपर्ने थियो । उनीहरूलाई विभिन्न संसदीय समितिमा राखेर काम गर्न पाएको भए प्रभावकारी हुन्थ्यो । यसमा अरूले खेल्ने मौका पाउने थिएनन् । हामीले सुरूमा बिरूवा रोप्दा नै हाम्रो आवश्यकताका बारेमा ख्याल गरेनौं । असन्तुष्टिलाई मात्र ध्यान दिने हो भने अझ अराजकता हुन्छ । जे छ राम्रो गराउने प्रयास गराउनुपऱ्यो । अब आउने पुस्ताले राम्रो गर्नुपर्छ । संसदीय समितिलाई प्रभावकारी बनाउन सबै पार्टीले समानुपातिक प्रणालीबाट विज्ञहरूलाई ल्याउनुपर्छ ।

हाल अभ्यासमा रहेका राजनीतिक व्यवस्थामध्ये सबैभन्दा उत्कृष्ट व्यवस्था नै संसदीय शासन प्रणाली हो । यो व्यवस्थालाई समावेशी बनाउन देशको निर्वाचन प्रणालीमा समानुपातिक व्यवस्था थपिएको हो । समानुपातिक निर्वाचन पद्धतिले नेपाली समाजको प्रतिनिधित्वलाई उचाइमा लगेको छ । तर यसको सञ्चालन विधिका बारेमा नेताहरू इमान्दार र विवेकशील हुन जरुरी छ । निर्वाचनको यो मिश्रित व्यवस्था अल्पसंख्यकहरूको संरक्षणका लागि गरिएको हो ।

अहिले के देखिएको छ भने हाम्रो निर्वाचन प्रणालीले सरकारको स्थायित्व भने दिँदैन । संविधान संशोधन गरेर निर्वाचन प्रणालीमा फेरबदल गर्नुपर्ने समय आइसक्यो । मेरो विचारमा समानुपातिक प्रतिनिधित्व माथिल्लो सदन अर्थात् राष्ट्रिय सभामा मात्र हुनुपर्छ । प्रतिनिधिसभालाई १०० हाराहारीको बनाउने र प्रदेशमा १५ जना निर्वाचित गर्ने व्यवस्था राख्नुपर्ने देखिन्छ ।

प्रदेशको ठूलो संख्या पनि आवश्यक छैन । स्थानीय तह जे छ राम्रो छ, कमीकमजोरी भए सुधार गरेर लैजानुपर्छ । यस्तो गर्दा जनप्रतिनिधिहरूको संख्या घटेर १८ हजार हुन्छ । यस्तो हुनेबित्तिकै सरकारले स्थायित्व पाउँछ । यत्रो कर्मचारीतन्त्र यो डिजिटल युगमा जरुरी छैन । इञ्जिनियर, चिकित्सकको विज्ञापन खोलेर गाउँगाउँ पठाइदिन सकिन्छ । यस्तो भयो भने मुलुकले एउटा कोर्स लिन्छ । समावेशी, समानुपातिक निर्वाचन प्रणाली मात्रै भनेर पनि हुँदैन, यो त सुधार गर्नैपर्छ ।

समानुपातिक निर्वाचन प्रणालीबाट विज्ञ व्यक्तिलाई सदनमा ल्याउनुपर्ने थियो । उनीहरूलाई विभिन्न संसदीय समितिमा राखेर काम गर्न पाएको भए प्रभावकारी हुन्थ्यो । यसमा अरूले खेल्ने मौका पाउने थिएनन् । हामीले सुरुमा बिरुवा रोप्दा नै हाम्रो आवश्यकताका बारेमा ख्याल गरेनौं । असन्तुष्टिलाई मात्र ध्यान दिने हो भने अझ अराजकता हुन्छ । जे छ राम्रो गराउने प्रयास गराउनुपऱ्यो । अब आउने पुस्ताले राम्रो गर्नुपर्छ । संसदीय समितिलाई प्रभावकारी बनाउन सबै पार्टीले समानुपातिक प्रणालीबाट विज्ञहरूलाई ल्याउनुपर्छ ।

संसद्मा आफ्ना विचार प्रस्तुत गर्ने क्रममा जुन तर्कहरू आएका हुन्छन् ती निःसन्देह जनताप्रति केन्द्रित र जवाफदेही नै हुने गरेका पाइन्छन् । संसद्लाई अझ बढी चलायमान बनाउन संसद्भित्र विभिन्न समिति क्रियाशील छन् र ती पनि निकै शक्तिशाली छन् । यसलाई 'मिनी संसद्' पनि भनिन्छ । संसद् र संसदीय समितिले सरकारलाई सचेत गर्न र जनताप्रति जवाफदेही तुल्याउन भूमिका निर्वाह गरिरहेका हुन्छन् । शक्तिपृथकीकरणको मूल मान्यताका आधारमा संसद्ले काम गरिरहेको हुन्छ । तथापि, संसद्को सञ्चालन र प्रभावकारिता अभिवृद्धिका लागि राजनीतिक नेतृत्वका अघिल्तिर ठूलो जिम्मेवारी हुने गर्दछ । राजनीतिक नेतृत्व गम्भीर नभई आफ्नो मात्रै स्वार्थमा लाग्ने, आफ्ना सन्तानलाई गलत काममा लगाउने, आफ्नो परिवारलाई बढावा दिने, आफ्नो गुटलाई प्रश्रय दिने गरेमा मुलुकभित्र नैराश्यता बढ्नुका साथै देशभित्र अनेक समस्या सिर्जना हुने गर्दछ ।

वास्तवमा दलका नेतृत्ववर्गले यस वस्तुतथ्यलाई आत्मसात् गर्न जरुरी छ । म कुन घरमा बसिरहेको छु र मेरो घरको लक्ष्य के हो भन्ने कुरा घरको नेतृत्व गर्नेलाई थाहा हुन जरुरी छ । घरलाई सबल बनाउन अरूभन्दा भिन्न तरिकाले मिलाएर लैजाने हुनुपर्छ । अहिले न्यायपालिकामा हुने नियुक्तिमा भागबण्डा गर्नेजस्तो गलत अभ्यास थालिएको छ । अन्य निकायमा पनि आफ्नै मान्छेलाई लैजान खोज्यौं, संवैधानिक नियुक्तिमा पनि आफ्नै नियुक्ति खोज्यौं । यस अभ्यासले राम्रोसँग काम गर्न सकेन, 'डेलिभरी' दिन सकेन । सदनमा कुखुरा पाल्ने, गाई पाल्ने, हलो जोत्ने, कोदालो खन्ने, श्रमिक वा कुनै किसान होस् उनीहरूको पक्षमा जनप्रतिनिधिले के बोल्छन् भन्ने कुरा चासो दिने विषय प्राथमिकतामा पर्नुपर्छ । हामीले जनतालाई पनि पार्टीगत रूपमा विभाजित गरिरहेका छौं ।

मेरो निर्वाचन क्षेत्र गुल्मी क्षेत्र नं १ मा सबैभन्दा बढी प्राथमिकताको विषय शिक्षा र स्वास्थ्य नै हो । शिक्षालाई राम्रो बनाउन शिक्षकलाई अपग्रेड गर्नुपऱ्यो । विद्यार्थी, अभिभावकलाई स्कुल ल्याउन आकर्षण बढाउनुपर्छ । जनताको स्वास्थ्यलाई ख्याल गरेर विशेषज्ञ चिकित्सक, ल्याब हुनुपर्छ । विकास भनेका सडक, खानेपानी विद्युत् पनि हो तर यो निरन्तर हुने प्रक्रिया हो । अर्गानिक खेतीका लागि यहाँ अत्यन्त अनुकूल अवस्था छ । त्यसका लागि किसानलाई अनुदान दिनुपर्छ । यहाँ बेलायती सेना, नेपाली सेना, प्रहरीमा काम गरेका विज्ञहरू थुप्रै हुनुहुन्छ । लामो अनुभव प्राप्त गरेका हुनुहुन्छ । यहाँका युवालाई जिल्लामै विभिन्न अवसर दिनसके विदेश जानै पर्दैन ।

अर्को, कालीगण्डकी कोरिडोरले गर्दा सालझण्डी बजार नजिकै पर्न सक्छ । त्यहाँबाट बुटवल बजारसम्म आफ्ना उत्पादन लैजान सक्छौं । कालीगण्डकी जलविद्युत्ले गर्दा पोखरासम्म पनि हाम्रा उत्पादन जान सक्छन् । यसबाट किसानले प्रशस्त लाभ लिन सक्छन् । यस्तो अवस्थामा बीउ, मल, सिँचाइको अभाव किसानलाई हुनुहुँदैन । कफी, किवी, कोदोको उत्पादन बढाउन सकिन्छ । हामीले यी उत्पादनको ब्राण्डिङ गर्नु जरुरी छ । यसबाहेक कालीगण्डकीको रिडीमा शालिग्राम छ । त्यो शालिग्राममा जलधारा गराएर त्यहाँ एउटा टावरजस्तो बनाइयो भने धार्मिक पर्यटनका रूपमा विकास हुन सक्छ । धार्मिक पर्यटनसँग रुरु क्षेत्र, रेसुंगा क्षेत्र जोडिन्छ । यसबाहेक अन्यन्त मनमोहक दृश्यहरू छन् जसले पर्यटनको प्रचुर सम्भावनालाई पनि देखाउँछ । अर्गानिक आलुको उत्पादन भइरहेको छ । त्यस्तै सुन्तला उत्पादन हुन्छ । यसै वर्ष १३ करोड रूपैयाँ बराबरको सुन्तला गुल्मीबाट निकासी भयो । यसलाई अझै व्यवस्थित गर्ने हो भने ४० करोड रूपैयाँसम्मको सुन्तला निकासी हुन सक्छ ।

वैदेशिक रोजगारीको कुरा त पहिलेको विकृतिको हो । पहिलेका व्यक्तिको अदूरदर्शिता । राजनीतिमात्रै गर्ने राष्ट्रनीतिका विषयमा कुनै छलफल नगर्ने प्रवृत्ति रह्यो । उहाँहरूको विकृत मानसिकताबाट हाम्रो पुस्ताले भारी बोक्नुपर्ने अवस्था देखिएको छ । यसलाई रोक्नका लागि वा न्यूनीकरण गर्न स्तरीय शिक्षा, गुणस्तरीय स्वास्थ्य, सूचना प्रविधि, रोजगारीको ग्यारेन्टी हुनुपर्छ ।

विदेशमा रहेका नेपालीले कमाएको पैसा सरकारले ऋण लिएर देशमा लगानी गर्न सक्छ । उहाँहरूको लगानी नेपालमा नै भएपछि उहाँहरू फर्केर आउनुहुन्छ । त्यसैले हाम्रो देशलाई शिक्षा, स्वास्थ्य, आइटी र जलस्रोतको केन्द्रका रूपमा विकास गर्नुपर्छ । हामी भारत र चीनको बीचमा छौं, दुवै देशले धेरै प्रगति गरेका छन् । हामीले ठूलो मात्रामा उद्योग स्थापना गर्न सक्दैनौं । अहिलेको सोच र चिन्तनबाट म त्यो सम्भव देख्दिनँ । नेपालभित्र नेपाली खोज्न सक्नुपर्छ ।

*(सांसद भण्डारीसँग राष्ट्रिय समाचार समितिका नेपालगञ्जस्थित समाचारदाता युवराज पाण्डेले गरेको कुराकानीको सम्पादित अंश)*

# लाभ र शुभकार्यका लागि वास्तुशास्त्र

**भरतमणि ज्ञवाली**

विश्वकर्मा नामक देवतालाई वास्तुशास्त्रका प्रणेता मानिन्छ । आजको संसारको रचना र प्रत्येक रचनाको उत्कृष्टताका आधार विश्वकर्मा हुन् भन्ने शास्त्रीय मान्यता छ । विश्वकर्मा नै विभिन्न देवपुरका रचनाकार हुन् भन्ने शास्त्रीय आधार पनि छ । भगवान् शिव र पार्वतीको दर्शनका लागि देवताहरू जाँदै गरेका बेला नन्दी (शिवका बाहन)ले विश्वकर्मालाई वास्तुशास्त्रका विषयमा प्रेरित गर्दै शिवको आराधना गर्न लगाएको भन्ने मान्यता छ ।

यसरी विश्वकर्माले शिव स्तुति गर्दै आफूलाई सम्पूर्ण वास्तुशास्त्रको ज्ञान होस् र जगत्को हितमा काम गर्न प्रेरणा मिलोस् भनी वरदान मागेको उल्लेख छ ।

*वास्तुशास्त्रको दोस्रो अध्यायमा विश्वकर्मा भन्छन्:*
*शम्भो जगत्पते नाथ यदि ते मयचनुग्रहः ।*
*स्तुत्या प्रसिदसि त्वं मत्कृतया चन्द्रशेखर*
*वास्तुशास्त्र प्रकाशोऽस्तु मत्चित्ते तव वीक्षात् ॥*

'हे जगतपते यदि तपाई मेरो स्तुतिबाट प्रशन्न हुनुभएको हो भने मेरो मन या चित्तमा वास्तुशास्त्रीय ज्ञानको प्रकाश होस्' विश्वकर्माले वरदान मागेका थिए । उनले आफूमा देवालय, मानव गृह, विभिन्न शालाहरू, यन्त्र, सवारीसाधन या विमान, गोपुर या अन्य पुरलगायत समस्त निर्माणको वास्तुशास्त्रीय ज्ञान होस् भनी वरदान मागेकाले भगवान् शिवले विश्वकर्मामा समस्त निर्माणको ज्ञान दिएको भन्ने प्रसंग शास्त्रमा वर्णित छ ।


*मदाज्ञया त्वं लोकानां निर्माणादिषु कौशलम् ।*
*लभस्व च शुभां कीर्ति सर्वलोकहिताय च ॥*

भगवान् शिवले विश्वकर्मालाई समग्र संसारमा यश प्राप्त गर्दै लोकको हितमा काम गर्न वरदान दिनुभएको उल्लेख गरेको पाइन्छ । शिल्प शास्त्रका रूपमा लिइने वास्तुशास्त्रको समुचित प्रयोगले समस्त लोकमा धर्म, अर्थ, काम र मोक्षको सन्तुष्टि मिल्ने शास्त्रीय मान्यता छ ।

वास्तवमा वास्तुशास्त्रको मूल ग्रन्थका विषयमा विभिन्न मत पाइए पनि पूर्वीय मान्यतामा विश्वकर्मा प्रकाश या विश्वकर्मा वास्तुशास्त्रलाई प्रमुख आधार लिएर कार्य गर्ने गरेको पाइन्छ । देवशिल्पका लागि विश्वकर्माको वास्तुसँगै मय नामक दैत्यले विभिन्न पुर निर्माण गर्दै मयमतको सिर्जना गरेको पाइन्छ । खासगरी विभिन्न पुराणहरूमा पनि वास्तुको विषय चर्चा भएको उल्लेख छ ।

विद्वानहरूका अनुसार मत्स्यपुराण, भविष्यपुराण, गरुडपुराण, नारदपुराण आदिमा वास्तुको उल्लेख भएको छ । गृहवास्तु व्यवस्थामा गर्गसंहिता, वशिष्ठसंहिता, नारदसंहिताजस्ता ग्रन्थहरूले चर्चा गरेको बताइन्छ । यद्यपि समग्र वास्तुशास्त्रको श्रेय विश्वकर्मालाई जान्छ । पूर्वीय वैदिक सनातनमा विश्वकर्मा वास्तुलाई विशेष स्थान दिइएको छ ।

हिन्दू वैदिक मान्यतामा आधारित अनेक धार्मिकस्थल नै वास्तुशास्त्रका नमूना हुन् । देवालयहरूमा




व्यवस्थित वास्तुकलाले विश्वलाई यसक्षेत्रमा आकर्षित गरेको पाइन्छ । सुखी, स्वस्थ र समृद्ध जीवनका लागि वास्तुशास्त्रको अवलम्बन महत्त्वपूर्ण पक्ष हो । हजारौं वर्षअघि नै ऋषिमुनिहरूले यसको महत्त्व र आवश्यकता बुझेर मानव कल्याण हेतु विभिन्न सिद्धान्तलाई व्यवस्थितरूपमा प्रस्तुत गर्दै आए । कोही शिवभक्त थिए र उनीहरू शैव मान्यतालाई जोड दिँदै आए भने कोही विष्णुभक्त भएकाले विष्णु भगवान्को महिमा र मान्यतालाई पछ्याउँदै आए । तान्त्रिक मान्यतामा आगम र निगमको नियमलाई अधिक महत्त्व दिएका हुन्छन् । जसले जुन मान्यता लिए पनि समग्रमा मानवहितका लागि नै गरिएको छ ।

शिल्पशास्त्र अर्थात् वास्तुशास्त्रमा देवता, राजा र सर्वसाधारणका लागि समान हुँदैन । देव वास्तुमा मठ मन्दिर, देवालयहरू पर्छन् भने राजाहरूका लागि दरवारको निर्माणसँगै कोषागार, शस्त्रागार, कारागार जस्ता कुराहरू समेटिएका हुन्छन् । साधारण मानिसका लागि गृहवास्तुको व्यवस्थापन गरिन्छ । त्यसरी नै वास्तुमा मानिसको वर्णअनुसार विविधता हुन्छ । निर्माण तथा सजावटका फरक-फरक विधि र व्यवस्था हुन्छन् । विभिन्न स्तम्भहरू, बाहाल, टुँडाल, मण्डप तथा अन्य यन्त्र निर्माणमा वास्तुको स्वतन्त्र व्यवस्था रहेको हुन्छ । रथ तथा विमान निर्माणको वास्तुकला फरक हुन्छ । कुनै निर्माणको स्थान, परिवेश, प्रकार र आकारअनुसार वास्तुकलाको विधान व्यवस्था गरिएको छ ।

सबै वास्तुशास्त्रीय मूल सिद्धान्त अत्यन्तै विधिसम्मत् छ । वास्तुले पहिलो सर्त मुहूर्तलाई लिएको हुन्छ । कुनै पनि कार्यका लागि समय सबैभन्दा बलवान हुन्छ । शुभ समय सबै समस्याको निकास र समाधान मानिन्छ । कार्य सम्पन्न गर्नका लागि उत्तम मुहूर्त अनिवार्य हुन्छ । कार्यारम्भ शुभ मुहूर्तमा भएन भने विभिन्न समस्या उत्पन्न हुन्छन् । धनको समस्या उत्पन्न हुनसक्छ । स्वास्थ्यमा समस्या उत्पन्न हुनसक्छ । त्यसैले निर्माण आरम्भ, शिलान्यास गर्दा, द्वार स्थापना गर्दा मुख्य स्तम्भ निर्माण गर्दा, छानो छाउँदा, गृहप्रवेश गर्दा शुभमुहूर्त अनिवार्य हेरिनुपर्छ । त्यसरी नै जलाशय निर्माण गर्दा, पुरानो घर जीर्णोद्वार गर्दा, भवनमा अग्निस्थापना अर्थात् चुल्हो निर्माण र बाल्दा शुभमुहूर्त छनोट गर्नुपर्छ । शिल्प विज्ञानको शुद्धता र त्यसको सुधार एउटा उपाय हो तर शुभमुहूर्तको प्रभाव अधिक रहन्छ । विश्वकर्माले शिल्प निर्माणमा शुभमुहूर्तलाई प्राथमिकतामा राखेको पाइन्छ ।

वास्तुशास्त्रमा कांकिणी विधिलाई पनि विशेष महत्त्व दिएको पाइन्छ । कुनै पनि स्थान र गृहस्वामीको शुभाशुभ हेर्न यस विधिको प्रयोग गरिन्छ । कुनै देश या जिल्ला, नगर अथवा गाउँ सम्बन्धित व्यक्तिका लागि शुभ छ-छैन भन्ने ज्ञात गरेरमात्र निवास निर्णय गरिनुपर्छ । यदि स्थान नै व्यक्तिका लागि शुभ छैन भने त्यो स्थानमा गृह निर्माण गर्नु हानिकारक हुनसक्छ । यसका लगि देश या स्थानको अंक र गृहस्वामीको अंकका आधारमा निर्णय गरिन्छ । मुहूर्त, कांकिणी, जमिनको आकार-प्रकार, रङ, गन्ध आदिको उचित शोधन अनिवार्य मानिन्छ ।

वास्तुशास्त्रले निर्माणस्थलको मापनलाई गहन अध्ययन गर्न सुझाउँछ । निर्माणस्थलको पिण्ड अथवा क्षेत्रफलको आधारमा त्यसलाई शुभाशुभ निर्णय गरेको हुन्छ । भूमिको पिण्ड र निर्माणको पिण्डबीचको सन्तुलन अनिवार्य मानिएको छ । पिण्डका आधारमा त्यस भूमिका फरक-फरक लक्षण हुन्छन् भन्ने वास्तुशास्त्रको मान्यता छ । देश, काल र गृहस्वामीका आधारमा त्यसको मापन गरी विधिसम्मत शुभमुहूर्तमा निर्माण गर्दा सर्वोत्तम हुन्छ ।

वास्तु व्यक्तिअनुसार फरक र शुभ-अशुभ हुन्छ । एकका लागि अशुभ कार्य अर्काका लागि शुभ हुनसक्छ । विश्वकर्माकृत वास्तु या मयमत अथवा चाइनिज वास्तु या आधुनिक वस्तु सबैको मान्यता निवास या निर्माणस्थल जनहितका लागि तय गरिएको हुन्छ । पछिल्लो समयमा वास्तुशास्त्रका सिद्धान्तहरूलाई विज्ञानसँग जोडेर हेर्न प्रयास पनि भइरहेको छ । वैदिक वास्तुकै जगमा टेकेर आएका त्यसलाई प्रमाणित गर्ने काम पनि भइरहेको छ भने कहिँकतै आफ्ना नयाँ मत सिर्जना गर्ने प्रयास पनि भइरहेका छन् । वास्तु वैदिककालदेखि नै थियो र अहिले पनि यसको प्रभाव झन् बढ्दो छ । त्यसलाई राजमहलहरूमा मात्र सीमित गराउने प्रयास भए पनि पछिल्लो समयमा हरेक मानिस यस शास्त्रबाट अधिकतम् लाभ लिनसक्ने अवस्थामा छन् ।

शास्त्रीय मान्यतालाई वैज्ञानिक आधारहरू खोज्दै अधिकतम सदुपयोग गर्दा लाभ मिल्न सक्छ । तसर्थ आफ्नो घर, कार्यालय या अन्य निर्माणस्थललाई वास्तुशास्त्रसम्मत् बनाउँदै अधिकतम् लाभ उठाउन सकिन्छ । वास्तुशास्त्रीय मान्यता अवलम्बन गर्दा लाभमात्रै छ, हानि छैन । स्थान सानो होस् या ठूलो वास्तुसम्मत निर्माण सम्भव छ । *रासस*



**चैती छठ मनाउँदै व्रतालु** | महोत्तरी जिल्लाको सदरमुकाम जलेश्वर नगरपालिका-१ स्थित बरूण सरोवरमा चैती छठ मनाउँदै व्रतालुहरू ।
*तस्बिर: सञ्जीतकुमार मण्डल/रासस*

# चिकित्सक नहुँदा थन्किए उपकरण

**हेटौंडा (प्रस)**– हेटौंडा अस्पतालमा मुटुरोग विशेषज्ञ नहुँदा उपकरण थन्किका छन् । मुटुरोग चिकित्सक नियुक्त नहुँदा ती उपकरण थन्किएका अस्पताल सञ्चालक समितिका सदस्य उत्सव चौलागाईंले बताए ।

बिरामीको अत्यधिक चाप रहने अस्पतालमा चिकित्सक नभएर उपकरण थन्काउन बाध्य भएको बताउँदै सञ्चालक सदस्य चौलागाईंले चाँडोभन्दा चाडो चिकित्सक नियुक्तिका निम्ति सम्बन्धित निकायलाई घच्घच्च्याइरहेको बताए । उनले भने, 'मुटुरोग विशेषज्ञको नियुक्तिका लागि गरिएको विज्ञापनमा एक जना चिकित्सकको आवेदन पर्‍यो तर उमेरका कारण उनलाई नियुक्ति दिन मिलेन । विज्ञापन भएका बेला निवेदन पर्दैनन् र परेका निवेदनमा पनि उमेर नपुग्ने, मापदण्ड पूरा नहुनेलगायत विविध समस्या आइलाग्छन्,' अन्य उपकरण अन्य विशेषज्ञबाट पनि चलाउन सकिने तर मुटुरोगका उपकरण मुटुरोग विशेषज्ञबाहेकले चलाउन नसक्ने भएकाले चिकित्सक नियुक्तिविना उपकरण प्रयोगमा ल्याउन कठिन भएको उनको भनाइ छ ।

अस्पतालले स्त्रीरोग विशेषज्ञ सेवा सञ्चालन गरेपछि मधेस प्रदेशबाट सुत्केरी हुन आउनेको संख्यामा वृद्धि भइरहेको छ । हाडजोर्नी, छालारोग, सघन उपचार कक्षलगायत सेवा पनि उपलब्ध भएकाले अस्पतालमा बिरामीको चाप बढेको सदस्य चौलागाईंले बताए ।

रोटरी क्लब अफ मकवानपुरको सहयोगमा आठ महिनाअघि ल्याइएको एक करोड रूपैयाँको उपकरण प्रयोगविहीन छ । अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट श्रीधर अर्यालले विशेषज्ञ चिकित्सकको शीघ्र व्यवस्था मिलाइने प्रतिबद्धता व्यक्त गरेका छन् ।

# हर्षोल्लास साथ मनाइयो सिरुवा पर्व

**झापा (प्रस)**– आदिवासी कोच समुदायको मुख्य चाड सिरुवा झापालगायत कोशी प्रदेशका तराईका जिल्लामा हर्षोल्लास साथ मनाइएको छ । उनीहरूले आइतबार सामूहिक रूपमा काद (हिलो) खेलेर सिरुवा पर्व मनाएका छन् ।

नयाँ वर्ष सुरु भएसँगै पूर्वका आदिवासी कोच समुदायले मुख्य चाड सिरुवा मनाउने गर्दछन् । तीन दिनसम्म मनाइने यस पर्वमा पहिलो दिन जल सिरुवा र आज कादो (हिलो) सिरुवा मनाइएको छ । सिरुवाको अन्तिम दिन सोमबार रङ दलेर मनाइने राजवंशी समाज विकास समितिका जिल्ला अध्यक्ष पुकार राजवंशीले बताए ।

उनले जिल्लाका १५ वटा पालिकामा बसोबास गर्ने राजवंशी, थारू, गनगाई, ताजपुरिया, माझीलगायत समुदायले यो पर्व मनाइरहेको बताए । उनीहरूले वैशाख १ देखि ३ गतेसम्म एकअर्कामा पानी छ्यापेर, हिलो खेलेर र रङ दलेर पर्व मनाउने गरेका छन् ।

वैशाख १ गते उनीहरूले एकापसमा भ्रातृत्व र बन्धुत्वको सम्बन्धलाई अझ प्रगाढ बनाउन शुभकामना आदानप्रदान गर्दै जिल्लाका विभिन्न स्थानमा पर्व मनाउने गरेको उनको भनाइ छ । उनीहरूले आफ्ना घरमा घाटोसरी थान बनाएर पूजा गर्ने, ग्रामथानमा गएर कुल देउताको पूजापाठ गर्नेलगायत कार्य गरेका छन् ।

उनका अनुसार भद्रपुर नगरपालिका र विर्तामोड नगरपालिका तथा झापा, गौरीगञ्ज र कचनकवल गाउँपालिकाले सिरुवा पर्वका अवसरमा आइतबार सार्वजनिक बिदा दिएका थिए । उनका अनुसार नयाँ वर्षको आगमनसँगै वर्षभरि शीतलता प्राप्त होस् भन्ने उद्देश्यले पानी सिरुवा, प्रकृति पूजक भूमिपुत्र भएका हिसाबले कादो सिरुवा र वर्षभरि नै सुख भ्रातृत्व प्राप्ति गर्ने उद्देश्यले रङ सिरुवा मनाइने गरिएको छ ।

# सैलुङको इतिहास स्थापित गर्न जोड




■ **प्रभाव संवाददाता**

**दोलखा**– प्रतिनिधिसभा सदस्य गंगा कार्कीले पेङदोर्जेको उद्गमस्थल सैलुङ र नाताङखर्क आसपास रहेको किंवदन्ती र इतिहासलाई स्थापित गर्न सदनमा गम्भीरतापूर्वक उठाउने बताएका छन् । सैलुङ डाँडामा नयाँ वर्षका दिन तम्बा संघ नेपाल सैलुङ (ताम्बा हचुलखोर) द्वारा आयोजित तम्बा सांस्कृतिक महोत्सवलाई सम्बोधन गर्दै सांसद कार्कीले यो तथ्यलाई स्थापित गर्न रामेछाप, सिन्धुपाल्चोक, सिन्धुलीलगायतका जिल्लाहरूबाट सहकार्य गरी बृहत् बनाउन जरुरी रहेको औंल्याए ।

कार्यक्रममा सैलुङ गाउँपालिकाकी उपाध्यक्ष पार्वती कार्की थापाले सैलुङमा पेङदोर्जेले निर्माण गरिएको डम्फु बजाएर प्रदर्शन गरिएकोमा खुसी लागेको बताइन् । 'डम्फुको उत्पत्ति गर्ने व्यक्ति पेङदोर्ज सैलुङकै भएको र यहीबाट डम्फुको आविष्कार गरेको हुँदा उनलाई राष्ट्रिय विभूतिको रूपमा नामकरण गर्नुपर्छ,' उनले भनिन्, 'यसका लागि वैज्ञानिक रूपमा खोज अनुसन्धान गरी दस्तावेज तयार गर्न जरुरी छ ।'

यस्तै तम्बा संघ नेपालका केन्द्रीय अध्यक्ष धावावांगेल मोक्तानले पेङदोर्जेको उद्गमस्थल सैलुङ र नाताङखर्क नै रहेको जिकिर गरे । उनले सैलुङको मुनि रहेको डाँफे ढुंगा छ । त्यो ढुंगा डाँफे र मुनालसँग जोडिएको इतिहास छ । त्यो पनि प्रमाणको रूपमा हेर्न सकिने बताए ।

तामाङ भाषा, कला र संस्कृतिको उजागर गर्ने उद्देश्यले कार्यक्रम आयोजना गरिएको आयोजकले जानकारी दिएको छ । महोत्सवमा सिन्धुपाल्चोक, रामेछाप, सिन्धुली, दोलखाकालगायतका जिल्लाबाट सहभागी ताम्बाहरूले डम्फु नाच प्रदर्शन गरेका थिए । नयाँ वर्षमा दोलखाको सैलुङमा आन्तरिक तथा बाहच पर्यटकको भीड लागेको थियो । नयाँ वर्षमा मानिसहरू घुम्न, आफन्त, इष्टमित्र लगायत परिवार त्यहाँ पुगेका थिए ।

## शिलवन्दी दरभाउपत्र प्रक्रियाबाट वन पैदावार बिक्रीको सूचना

**प्रथम पटक सूचना प्रकाशन मिति २०८१/०१/०३**

श्री सिक सामुदायिक वन उपभोक्ता समुह राप्ती सोनारी-८, बाँकेको स्विकृत सामुदायिक वन व्यवस्थापन कार्ययोजना बमोजिम आ.व. २०८०/०८१ मा समुहको खण्ड नं. ३ मा गरिएको झाडीसफाई कार्यबाट उत्पादन भई समुहको बैजापुरस्थित घाटगद्दीमा विभिन्न लट बनाई राखिएको साल बाहेकको नरम प्रजातीहरू धमिना, रोहिनी र भेलोर प्रजातीको दाउरा जम्मा ४०.०० चट्टा जे-जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानुपर्ने गरि लिलाम बिक्रि गर्नुपर्ने भएकोले यो सुचना प्रकाशित गरिएकोछ । ईच्छुक वन पैदावारको कार्य गर्न दर्ता भएका स:मिल वा कम्पनीले यो सुचना प्रथम पटक प्रकाशित भएकोले मितिले २१ (एक्काई) औं दिनभित्र प्रत्येक लटको छुट्टा-छुट्टै सिलबन्दी बोलपत्र खरिद गर्न यो सूचना आव्हान गरिन्छ । यस सम्बन्धी विस्तृत जानकारीको लागि यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयमा सम्पर्क राख्न सकिनेछ । पूर्ण व्यहोराको सूचना यस सामूदायिक वन उपभोक्ता समूहको कार्यालयको सूचना पाटिमा टाँस गरिएको छ ।

**श्री सिक सामुदायिक वन उपभोक्ता समूह**
**राप्तीसोनारी-४, बाँके**

## निक्षेप उपर हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

(सूचना प्रकाशित २०८१/०१/०३ गते)

अन्तराम जोशीको नाती, काशी जोशीको छोरा कञ्चनपुर जिल्ला, दोधारा चाँदनी न.पा वडा नं. ०४ (साबिक कञ्चनपुर जिल्ला, चाँदनी गा.बि.स/न.पा वडा नं. ०६) बस्ने दलपती जोशीको मिति २०७९/११/१० मा मृत्यु भएकोले निजको नाममा यस बैंकको चाँदनी दोधारा शाखामा रहेको बचत खाता नं. ०६४००३०३०८६००००२/०६४००३०३०८६००००१ मा मौज्दात रहेको रकम भुक्तानी पाऊँ भनी निज खातावालाका छोरा धनदेव जोशीले यस बैंक शाखामा निवेदन दिनुभएको हुँदा उक्त निक्षेप उपर निज निवेदक बाहेक अन्य कसैको हकदावी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिनभित्र आफ्नो हकलाग्ने व्यहोरा प्रमाणित हुने सक्कलै सवुत प्रमाण कागजातसहित यस बैंकको शाखा कार्यालय चाँदनी दोधारामा हकदावी गर्न आउनुहोला । म्यादभित्र कसैको हकदावी नपरेमा वा रीत नपुगेको दरखास्त उपर कुनै कारवाही नहुने व्यहोरा यसै सूचना मार्फत् जानकारी गराउँदछौं ।

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि
**शाखा कार्यालय चाँदनी दोधारा, कञ्चनपुर,फोन न. ०९९-४००००१**

**VACANCY ANNOUNCEMENT**

We are welcoming new members to our team! Join us!

- Documentation Assistant -3 Nos
- Legal Advisor cum Internal Auditor -1 Nos
- Policy Officer -1 Nos
- International Marketing Executive - 1 Nos
- Counselor Officer -3 Nos
- Driver -2 Nos
- Security Guard -2 Nos

SALARY Negotiable

Telephone: 014379749, 014379162, 014379450

**Vision & Value Overseas Pvt. Ltd.**
GPO Box: 7764, Dhapasi Marg, Basundhara, Kathmandu.
Email: vnvjobsapplication@gmail.com | Mob.: 9802356841
License No.: 822|066|067

**नेपाल सरकार**
**प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय**
**राजस्व अनुसन्धान विभागको अनुरोध**

व्यावसायिक प्रयोजनका मालवस्तु तथा ढुवानीका साधनको अनुगमन प्रणाली (Vehicle & Consignment Tracking System – VCTS) को सफ्टवेयर तयार गरी २०७६ श्रावण १ गतेबाट संचालनमा रहेको छ । एक स्थानबाट अर्को स्थानसम्म व्यावसायिक प्रयोजनका मालवस्तु ढुवानी गर्दा भन्सार विन्दुबाट आयात भएको मालवस्तुको हकमा प्रज्ञापनपत्र र स्थानिय मालवस्तुको ढुवानि भएको मालवस्तुको विलबिजक र मौज्द्दात स्थानान्तरणको हकमा चलान संलग्न गरी Vehicle & Consignment Tracking System - VCTS मा अनिवार्य रूपमा प्रविष्ट गरी उल्लेखित कागजातहरू साथैमा राखेर मात्र सामान ओसार पसार गर्नु हुन अनुरोध छ । यस VCTS मा प्रविष्ट नगरी समान ओसार पसार गरेको पाईएमा प्रचलित कानून बमोजिम कारवाही भै जाने व्यहोरा समेत अनुरोध गरिन्छ ।

**VCTS सम्बन्धी कुनै समस्या भएमा**
**टेलिफोन नं.०१-५४४४७४५, टोल फ्रि नम्बर: १६६०-०१-५५०००**
**IT SUPPORT - 9849398914, 9810106929**
Email:- vcts@dri.gov.np मा e-mail गर्नु हुन ।

## कतारमा वैदेशिक रोजगारको अवसर

**कम्पनी : MONASTIC CLEANING & CONTRACTING WLL**
पुर्व स्वीकृति मिति २०८०/१२/०६ | पुन विज्ञापन स्वीकृति मिति २०८१/०१/०२ | LT. No. 301901 | चलानी नं. ६०२१६८५१

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Clean Worker | 0 | 22 | 1000 | ३६,३०० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Receptionist | 0 | 1 | 1500 | ५४,५५५ | | | | | | | |
| 3 | Supervisior | 0 | 2 | 2500 | ९०,७३० | | | | | | | |

**कम्पनी : HAYAT AL DEEP TRADING CONTRACTING AND SERVICES**
पुर्व स्वीकृति मिति २०८०/१२/०६ | पुन विज्ञापन स्वीकृति मिति २०८१/०१/०२ | LT. No. 301902 | चलानी नं. ६०२१६८००

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Accountant/auditor | 1 | 0 | 4500 | १६४,७७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Brick Mason | 3 | 0 | 1200 | ४३,९४० | | | | | | | |
| 3 | Carpenter | 2 | 0 | 1200 | ४३,९४० | | | | | | | |
| 4 | Foreman | 2 | 0 | 2500 | ९०,७३० | | | | | | | |
| 5 | General Clean Worker | 13 | 0 | 1000 | ३६,६१५ | | | | | | | |
| 6 | Labour | 10 | 0 | 1000 | ३६,३०० | | | | | | | |
| 7 | Labour Services | 2 | 0 | 1000 | ३६,३०० | | | | | | | |
| 8 | Plumber | 2 | 0 | 1200 | ४३,९४० | | | | | | | |
| 9 | Sales Superviser | 1 | 0 | 2500 | ९०,७३० | | | | | | | |

**कम्पनी : CITIZEN CONTRACTING CLEANING AND SERVICES**
पूर्व स्वीकृति मिति २०८०/०५/१३ | पुन विज्ञापन स्वीकृति मिति २०८१/०१/०२ | LT. No. 291780 | चलानी नं. ६०२०७०३७

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Business Executive | 11 | 0 | 2500 | ९०,७३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Data Analyzer | 1 | 0 | 4000 | १४५,४८० | | | | | | | |
| 3 | Data Entry | 9 | 22 | 1000 | ३६,३०० | | | | | | | |
| 4 | Foreman | 3 | 0 | 3000 | २१६,०५० | | | | | | | |
| 5 | General Clean Worker | 0 | 4 | 2500 | ९०,७३० | | | | | | | |
| 6 | Labour | 1 | 0 | 6000 | २१८,२२१ | | | | | | | |
| 7 | Manager Variety | 2 | 0 | 2000 | ७२,७४० | | | | | | | |
| 8 | Marketing Represent | 8 | 0 | 1000 | ३६,३०० | | | | | | | |
| 9 | Painter | 4 | 0 | 2500 | ९०,७३० | | | | | | | |
| 10 | Representative | 3 | 0 | 2000 | ७२,७४० | | | | | | | |
| 11 | Sales Supervisor | 4 | 0 | 1200 | ४३,६४४ | | | | | | | |
| 12 | Salesman | 1 | 0 | 3500 | १२७,२९५ | | | | | | | |
| 13 | Supervisior | 0 | 2 | 1500 | ५४,५५५ | | | | | | | |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ वैशाख १० गते (22nd April 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले | **सेवा शुल्क:** नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**JALAJALA RECRUITMENT PVT.LTD**
Samakhusi-29, Kathmandu, BAGMATI. Tel: 014950900, 014950257
E-mail: jalajalarecru2017@gmail.com
श्रम ईजाजत नं. १२२४/०७४/०७५

## युएईमा वैदेशिक रोजगारको अवसर

**कम्पनी : RAJ ROCKS L.L.C.**
पूर्व स्वीकृति मिति : २०८०/०८/०७ | पुन विज्ञापन स्वीकृति मिति: २०८१/०१/०२ | LT. No.295235 | चलानी नं. ६०२१०३६९

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Light Vehicle Driver | 2 | 0 | 1500 | ५४,३६५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Miner | 23 | 0 | 800 | २८,९९५ | | | | | | | |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ वैशाख १० गते (22nd April 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले | **सेवा शुल्क:** नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**GREEN LIGHT OVERSEAS PVT. LTD**
Basundhara-3, Kathmandu Tel : +977-1-5905757, 5905758, 9851358431
Email:info@green-lightgroup.com, Web:green-lightgroup.com
श्रम ईजाजत नं. 1365/074/75

## MAURITIUS मा वैदेशिक रोजगारको अवसर

**कम्पनी : DLB CONSTRUVTION & CO LTD**
पूर्व स्वीकृति मिति: २०८०/०३/३१ | पुन विज्ञापन स्वीकृति मिति २०८१/०१/०२ | LT. No. 289415 | चलानी नं.६०२०४८१५

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव MUR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Carpenter | 60 | 0 | 16,665 | ४७,८३० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Steel Fixer | 1 | 0 | 16,665 | ४७,८३० | | | | | | | |
| 3 | Mason | 72 | 0 | 16,665 | ४७,८३० | | | | | | | |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले | **सेवा शुल्क:** १९,५००

**कम्पनी : PICK AND BUY LIMITED**
पूर्व स्वीकृति मिति २०८१/०१/०२ | LT. No. 303424 | चलानी नं.६०२१८२९०

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव MUR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Packing Machine Operator | 100 | 0 | 16500 | ४७,३५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Cold Room Attendant | 30 | 0 | 16500 | ४७,३५५ | | | | | | | |
| 3 | Meat Fish Cutter | 30 | 0 | 16500 | ४७,३५५ | | | | | | | |
| 4 | Bakery Operator | 20 | 0 | 16500 | ४७,३५५ | | | | | | | |
| 5 | Cook | 20 | 0 | 16500 | ४७,३५५ | | | | | | | |
| 6 | Pastry Maker | 15 | 0 | 16500 | ४७,३५५ | | | | | | | |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ वैशाख १० गते (22nd April 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले | **सेवा शुल्क:** १०,०००

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**GRACE OVERSEAS PVT. LTD.**
Govt. License 852/066/067
Chappalkarkhana-04, Kathmandu, Nepal. P.O.Box No.: 3078, Tel : +977-01-4526853
Mobile: 981-3952892, 9706180600
Email: infograceoverseas@gmail.com, Web: www.graceoverseas.com.np

## ओमनमा वैदेशिक रोजगारको अवसर

**कम्पनी : GLAMOROUS BEAUTY**
पूर्व स्वीकृति मिति २०८०/१२/२८ | LT. No. 303385 | चलानी नं. ६०२१८२९१

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव OR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Hair Stylist | 0 | 1 | 170 | ५८,९८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ वैशाख १० गते (22nd April 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले | **सेवा शुल्क:** १०,०००

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Gandaki Gurkhas Pvt. Ltd.**
श्रम ईजाजत नं. ६३०/०६३/०६४
New Baneshwor ktm, Nepal, Tel: +977-1-4115065, 4115067, Fax: 977-1-4115024

# प्रभाव दैनिक

रूपशाला

सोमबार ३, वैशाख २०८१ (Monday, April 15, 2024)


### स्मिताको नयाँ गीत सार्वजनिक

गायिका स्मिता दाहाल र भारतीय गायक दिव्य कुमारको स्वरमा रहेको नयाँ गीत लुकाउने ठाउँ छैन 'जाली रूमाल' शनिबार सार्वजनिक भएको छ । सरोज ओलीको शब्द, दीपक शर्माको संगीत र रिकेश गुरुङले संयोजन गरेको गीतको श्रव्यदृश्यको निर्देशन गम्भीर विष्टले गरेका छन् । श्रव्यदृश्यमा प्रियंका कार्की, आयुष्मान देशराज जोशी र सरोज ओलीले अभिनय गरेका छन् ।



## 'हिमालयको रहस्य' र 'सिर्जनावृत्ति' प्रदर्शनी सुरु

■ प्रभाव संवाददाता



**काठमाडौं**– नेपाल ललितकला प्रज्ञा-प्रतिष्ठानको आयोजनामा आइतबारदेखि 'हिमालयको रहस्य' र 'सिर्जनावृत्ति' प्रदर्शनी सुरु भएको छ । नक्सालस्थित नेपाल ललितकला प्रज्ञा-प्रतिष्ठानमा सुरु प्रदर्शनीको प्रतिष्ठानका कुलपति नारदमणि हार्तम्छालीले उद्घाटन गरे । 'हिमालयको रहस्य' प्रदर्शनीमा कलामार्फत नेपालको हिमाली क्षेत्रमा जलवायु परिवर्तनले पारेको गम्भीर असरबारे जानकारी दिइएको छ ।

यस्तै 'सिर्जनावृत्ति' कला प्रदर्शनी 'राष्ट्रिय ललितकला प्रदर्शनी २०८०' को राष्ट्रिय ललितकला पुरस्कार विजेतालाई हौसलास्वरूप प्रदान गरिएको हो ।

'यस प्रदर्शनीमा वातावरण परिवर्तनले हिमालमा परेको प्रभावलाई कलाकारले कलामार्फत कलात्मक रूपले प्रस्तुत गरेको छ,' कुलपति हार्तम्छालीले भने, 'हिमाल बचाउने अभियानमा कलाकारको पनि विशिष्ट भूमिका रहनुपर्छ भन्ने उद्देश्यका साथ प्रदर्शनीको आयोजना गरिएको हो ।'

समारोहमा उपकुलपति लालकाजी लामाले हिमाल जीवन र जगत्सँग जोडिएको विषय भएकाले हिमाल भए पानी हुने र पानी भए जीवन हुने भन्दै जलवायु परिवर्तनले नेपाललगायत पर्वतीय देशमा परेको असरलाई गम्भीर रूपमा लिनका लागि सचेतना फैलाउन कार्यक्रम गरिएको बताए । प्रतिष्ठानका सदस्यसचिव देवेन्द्रकुमार काफ्लेले प्रदर्शनीमा प्रधानमन्त्री पुष्पकमल दाहालले २८औं जलवायु परिवर्तनसम्बन्धी संयुक्त राष्ट्रसंघीय सम्मेलन 'कोप-२८' मार्फत उठाएका एजेन्डालगायत विविध विषय समेटिएको बताए ।

उनले प्राणीजगत् जीवनसँग हिमाल जोडिएकाले पछिल्लो समय जलवायु परिवर्तनले यसमा पारेको असरबारे सम्बद्ध सबै सचेत हुनुपर्ने बताए । 'हिमालयको रहस्य' प्रदर्शनीमा ६९ कलाकारका सृजना प्रस्तुत गरिएका छन् । 'सिर्जनावृत्ति' कला प्रदर्शनीमा उद्धव रिमाल (समसामयिक चित्रकला), विनय रिमाल (प्रतिस्थापन कला), रिसिता खत्री (समसामयिक मूर्तिकला), नम्रता सिंह (लोककला) र राजप्रकाश मान तुलाधर (परम्परागत चित्रकला) ले सहभागिता जनाएका छन् ।

'हिमालयको रहस्य' प्रदर्शनीका संयोजन कलाकार केशवराज खनालले प्रस्तुत गरेका थिए । प्रदर्शनीको क्युरेटिङ प्राज्ञसभा सदस्य प्रदीप शाक्यले गरेका हुन् । प्रदर्शनी यही वैशाख ७ गतेसम्म चल्ने छ । प्रतिष्ठानले केही महिनाअघि नै उक्त विषयमा कला सृजना गर्न सार्वजनिक आह्वान गरेको थियो । सोही आधारमा कलाकारले बनाएका सिर्जना आइतबारदेखि प्रदर्शन गरिएको हो ।

## 'कलात्मकभन्दा मनोरञ्जनात्मक चलचित्रमा दर्शकको आकर्षण'

काठमाडौं (प्रस)- गत वर्ष कलात्मक वा बजारलाई ध्यान राखेर बनाइएको कमै चलचित्र प्रदर्शन भएका छन् । 'हल्कारा,' 'डाकिनी,' 'जुलेबी'लगायत केही चलचित्र प्रदर्शन हुँदा चलचित्र भवनमा दर्शकको अभाव देखियो । चलचित्रले समीक्षात्मक रूपमा राम्रो चर्चा बटुले पनि व्यावसायिक रूपमा निकै कमजोर व्यापार गऱ्यो ।

गत वर्षको चैत ३० देखि प्रदर्शनरत चलचित्र 'द रेड सुटकेस'ले कस्तो व्यापार गर्छ यो भने हेर्न बाँकी छ । सुरुआती व्यापार भने यसको पनि कमजोर देखिएको छ । वर्षभर सफल भएका चलचित्रको सूचीमा हाँस्य विधा (कमेडी जनरा)मा निर्मितकै संख्या बढी छ ।

'जारी'ले कलात्मक र व्यावसायिक दुवै पाटोमा सफलता पाएको थियो । त्यसपछि प्रदर्शन गरिएका 'पशुपति प्रसाद २: भष्मे डन,' 'दिमाग खराब,' 'परदेशी २,' 'नांगो गाउँ,' 'महाजात्रा' व्यावसायिक रूपमा सफल भएका थिए । उल्लिखित अधिकांश चलचित्रमा सामाजिक विषयलाई मनोरञ्जनात्मक शैलीमा प्रस्तुत गरिएको छ । कोरोना महामारीपश्चात् डिजिटल प्लेटफर्मको प्रयोग नेपालमा पनि बढेको थियो । विश्वभरका चलचित्र हेरेर भिन्न-भिन्न स्वाद लिए पनि दर्शक रमाइला चलचित्रमा नै केन्द्रित देखिएका चलचित्र लेखक तथा समीक्षक सामीप्यराज तिमल्सेनाको विश्लेषण छ । कोरोना महामारीपछि चलचित्र साक्षरता बढेको मानिए पनि त्यसको प्रभाव नदेखिएको उनले बताए ।

'विश्वका चलचित्र महोत्सवमा पुगेका चलचित्रमा दर्शकको आकर्षण नदेखिनुले उनहरू चलचित्र भवनमा विसुद्ध मनोरञ्जन लिन पुग्नुहुन्छ भन्ने स्पष्ट संकेत गरेको छ । शृंखलाबद्ध र रमाइला चलचित्रमा दर्शकको उपस्थिति देखियो,' लेखक तिमल्सेनाले भने, 'निर्माता र निर्देशकले एकै किसिमका चलचित्र भने दिनु हुँदैन । केही फरक गरिरहनुपर्छ । नत्र विस्तारै चलचित्रप्रति आकर्षण घट्न सक्छ ।'

निर्देशक रामबाबु गुरुङले दर्शकले रुचाउनुभएसम्म शृंखला बनिरहने जानकारी दिए । 'कबड्डी' शृंखलालाई अगाडि बढाउने तयारीमा रहेका निर्देशक गुरुङले कलात्मक वा फरक किसिमका चलचित्रमा अहिले निर्माताको रूपमा सहभागी रहेको बताए ।

## तीन स्रस्टाका पुस्तक सार्वजनिक



**काठमाडौं (प्रस)**– नेपाल प्रज्ञा प्रतिष्ठानका पूर्वकुलपति वैरागी काइलाले साहित्य फाँटका चर्चित उमेर अनुभवले ज्येष्ठ उमेरका सर्जक र युवा सर्जकको साहित्यका कृतिहरूको संयुक्त लोकार्पण समारोहले सर्जकबीचको सहकार्यका साथै साहित्य भण्डारलाई खँदिलो बनाउन सहयोग पुगेको बताएका छन् ।

प्रा.डा.कुमार कोइरालाले सत्यमोहन जोशीपछिको वरिष्ठ संस्कृतिविद् तेजेश्वरबाबु ग्वंगले ९० वर्षको उमेरमा पनि साहित्यका कृति लेखन तथा प्रकाशनमा देखाएको जाँगरले अन्यलाई पनि प्रेरणा दिने उनले बताए । उक्त कुरा संस्कृतिविद् तेजेश्वरबाबु ग्वंग, नेपाल प्रज्ञा प्रतिष्ठानका पूर्वकुलपति गंगाप्रसाद उप्रेती र सञ्चारकर्मी जितेन्द्र रसिकका कृतिहरूको लोकार्पण समारोहमा बताएका हुन् ।

समि साहित्यिक प्रतिष्ठानद्वारा शुक्रबार राजधानीमा आयोजित कार्यक्रममा वरिष्ठ साहित्यकार काइला, प्रतिष्ठानका अध्यक्ष डोलेन्द्र शर्मा, प्रा.डा कुमार कोइरालालगायतले संस्कृतिविद् ग्वंगको निबन्ध संग्रह 'संस्कृतिका आयामहरू,' साहित्यकार उप्रेतीको 'भिन्न भिन्न ताल र सुरका झंकार' र सर्जक रसिकको जीवनी 'युगमा तेज' सार्वजनिक गरेका थिए ।

उक्त कृतिहरूमाथि प्रा.डा. कोइराला, डा. दीपा त्रिपाठी र सञ्चारकर्मी गोपीकृष्ण ढुंगानाले समीक्षात्मक मन्तव्य राखेका थिए । उनीहरूले विमोचन समारोह एक युग र वर्तमान युगको सर्जक मिलन समारोह भएको बताए ।

## रंगशाला

सदस्यसचिव घिसिङको आग्रह–

## राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता सफल बनाऔं



■ प्रभाव संवाददाता

**काठमाडौं**– राष्ट्रिय खेलकुद परिषद् (राखेप)का सदस्यसचिव टंकलाल घिसिङले राखेपको आयोजनामा हुने १४औं केन्द्रस्तरीय राष्ट्रपति रनिङ शिल्ड खेलकुद प्रतियोगितालाई सबै मिलेर सफल बनाउनुपर्ने बताएका छन् । उक्त प्रतियोगिता यही वैशाख ४ गतेदेखि सञ्चालन हुँदै छ ।

राष्ट्रपति रनिङ शिल्डमा समावेश राष्ट्रिय खेल संघका प्रतिनिधि र मुख्य प्रशिक्षकको उपस्थितिमा आइतबार यहाँ बसेको बैठकमा सदस्यसचिव घिसिङले प्रतियोगिता सफल बनाउनु सबैको दायित्व रहेको बताएका हुन् । उनले राष्ट्रपति रनिङ शिल्ड जुनियरको सबैभन्दा ठूलो प्रतियोगिता रहेको भन्दै यसलाई भव्य र सफल बनाउन सबैले सहयोग गर्नुपर्ने भनाइ व्यक्त गरे ।

सदस्यसचिव घिसिङले सातै प्रदेशमा छनोट प्रतियोगिता सम्पन्न भइ हुन लागेको केन्द्रस्तरीयको प्रतियोगिता जुनियरस्तरको सबैभन्दा ठूलो प्रतियोगिता हो भन्ने स्थापित गर्न जरुरी रहेकोसमेत उल्लेख गरे ।

उनले खेलाडीको अनुसन्धानका लागि राखेपअन्तर्गत नेपाल खेलकुद विज्ञान प्रतिष्ठान (सान) को टिमलाई परिचालन गरिने बताए । प्रतियोगितामा एथलेटिक्स, भलिबल, कबड्डी, कराते, तेक्वान्दो र उसु गरी छ खेल समावेश गरिएको छ ।

## मकवानपुरमा एन्फा एकेडेमी



**मनहरी (मकवानपुर)**– अखिल नेपाल फुटबल संघ (एन्फा)ले मकवानपुरको इन्द्रसरोवर गाउँपालिकामा एन्फा एकेडेमी सञ्चालन गर्ने भएको छ । वडा नं-३ स्थित वल्सलादेवी माविमा एन्फा एकेडेमी सञ्चालनका लागि केही दिनअघि एन्फा अध्यक्ष पंकजविक्रम नेम्वाङ र विद्यालय व्यवस्थापन समितिका अध्यक्ष तथा संविधानसभा सदस्य सुभाषचन्द्र ठकुरीबीच सम्झौतापत्रमा हस्ताक्षर भएको हो । एन्फाका महासचिव किरण राईका अनुसार एकेडेमीमा १३ वर्षमुनीका ३० जना खेलाडी राखिने छ ।

अहिले एन्फाले १३ वर्षमुनीका छनोट अन्तर्गत प्रदेश छनोट चरणमा रहेको उनले बताए । प्रदेश-प्रदेशबाट छनोट भएकाबाट छनोट गरी २५ जनालाई उक्त एकेडेमीमा राखिने उनले बताए । बाँकी पाँचजना भने विद्यालयकै विद्यार्थी राखिने उनले बताए ।

एन्फाले मकवानपुरसँगै बुटवल र च्यासलमा पनि एकेडेमी सञ्चालन गर्ने तयारी थालेको उनले बताए । एन्फाले एकेडेमीका लागि चार वर्षसम्मको सम्झौता गरेको छ । एन्फाले वार्षिक एकेडेमीका लागि २६ लाख रूपैयाँ, प्रशिक्षक र सामग्री उपलब्ध गराउने महासचिव राईले बताए ।

खेलाडीलाई पढाइसँगै फुटबल प्रशिक्षण गराएर राष्ट्रिय खेलाडी उत्पादन गर्ने एन्फाको लक्ष्य रहेको महासचिव राईको भनाइ छ । एकेडेमीका संयोजक एवं विद्यालय व्यवस्थापन समितिका अध्यक्ष ठकुरीले एकेडेमीका लागि आवास, मैदान र स्वास्थ्य उपचार विद्यालयको तर्फबाट उपलब्ध हुने बताए । उनले विद्यार्थीलाई रुचिअनुसारको विषय पढाएर फुटबल प्रशिक्षणमा सरिक गराउने बताए । रासस


### मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी: PERCETAKAN TURBO (M) SDN. BHD.

पूर्व स्वीकृति मिति २०८१/०१/०२ LT. No.303477 चलानी नं. ६०२१८२९५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 9 | 0 | 1500 | ४२,३०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ वैशाख १० गते (22nd April 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Sherpa International Manpower Consultancy Pvt. Ltd. Govt. License 430/060/061

Koteshwor-32 Kathmandu, Nepal, Tel: +97714361975, Fax: +977 1 4364821

### मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : YANG WAI CONSTRUCTION SDN BHD

पूर्व स्वीकृति मिति २०८०/१२/३० LT. No. 303434 चलानी नं. ६०२१८२७०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Worker | 10 | 0 | 1500 | ४२,३०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : WT ALUMINIUM SDN BHD

पूर्व स्वीकृति मिति २०८०/१२/३० LT. No. 303435 चलानी नं. ६०२१८२७१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 10 | 0 | 1500 | ४२,३०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ वैशाख १० गते (22nd April 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Muskan Overseas Pvt. Ltd.

Govt. License 1342/074/75

Samakhushi -26, Kathmandu, Nepal, Tel: + 977-1-4359026, 4363094

Email: muskanoverseas786@gmail.com,Web: www.muskanoverseas.com.np

### मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : TRILOGY AERO SDN BHD

पूर्व स्वीकृति मिति २०८०/०३/२६ पुन विज्ञापन स्वीकृति मिति: २०८१/०१/०२ LT. No. 289160 चलानी नं. ६०२०४४६५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 10 | 0 | 1500 | ४२,३०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ वैशाख १० गते (22nd April 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

MINAWA RECRUITMENT H.R. PVT LTD

Govt.Lic. No- 1168/073/074

Sinamangal-9, Sambhu Margh, Kathmandu, Nepal

T: +977-01-4112754 | E:-minawarecruitment@gmail.com I w:-www.minawarecruitment.com

### युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : MASTER VR TECHNICAL SERVICES L.L.C

पूर्व स्वीकृति मिति २०८१/०१/०२ LT. No. 303452 चलानी नं. ६०२१८३०६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Female Cleaner | 0 | 20 | 800 | २८,९९४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ वैशाख १० गते (22nd April 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Mobhira Overseas Service Pvt. Ltd.

P.O. Box : 15142, K.P.C. : 283, Basundhara, Kathmandu, Nepal

Tel: +977 1 4359905/ 4385829/ 4385832, Fax: +977-1- 4353733/ 4386111 Govt. License 083/053/054

Email: mobhiraoverseas111@gmail.com, mobhiraoverseas222@gmail.com

### युएइमा वैदेशिक रोजगारको अवसर

कम्पनी : PRESTIGE GENERAL SERVICES LLC

पूर्व स्वीकृति मिति २०७९/०७/२८ पुन विज्ञापन स्वीकृति मिति: २०८१/०१/०२ LT. No. 275124 चलानी नं. ६०१९१३४८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaners | 3 | 1 | 800 | २८,८८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Loaders/ Helpers | 1 | 0 | 800 | २८,८८५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ वैशाख १० गते (22nd April 2024) मा हुनेछ ।

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

(डि. के. रिभर ओभरसिज प्रा.लि)

DK RIVER OVERSEAS (P.) LTD.

Govt.Lic. No. 1102/073/074

Tokha-09, Gangabu, Kathmandu,

Tel : 01-4980932/4982214/4955132

Mobile : 9851219532 Email : dkriverhr@gmail.com

इजरायलमाथि इरानको आक्रमण

# हमलालाई विफल पारिएको इजरायली दाबी

**जेरुसेलम–** इरानले ड्रोन र क्षेप्यास्त्र प्रयोग गर्दै इजरायलमा आक्रमण गरेको छ । इजरायली सेनाका अनुसार तेहरानले इजरायलतर्फ ३०० भन्दा धेरै क्षेप्यास्त्र र ड्रोन प्रहार गरेको थियो भने तीमध्ये अधिकांशलाई विफल पारिएको थियो ।

केही आक्रमण इराक र यमनबाट समेत भएको इजरायली सेनाका प्रवक्ता रियर एडमिरल डेनियल हागारीले जानकारी गराएका छन् । सेनाले आक्रमणमा प्रयोग गरिएका ड्रोन र क्षेप्यास्त्रमध्ये ९९ प्रतिशतलाई इजरायली प्रतिरक्षा प्रणालीले रोकेको जनाएको छ । प्रवक्ता हागारीले एक टेलिभिजन कार्यक्रममा भने, 'इरानी आक्रमण विफल पारिएको छ ।'

हगारीका अनुसार इजरायलतर्फ प्रहार गरिएका कुनै पनि ड्रोन र क्रुज क्षेप्यास्त्र आफ्नो क्षेत्रमा प्रवेश गरेका छैनन् र केही ब्यालेस्टिक क्षेप्यास्त्रमात्र इजरायलसम्म पुगेका छन् । ब्यालेस्टिक क्षेप्यास्त्रमध्ये एउटाले सेनाको 'नेभाटिम शिविर' मा हल्का प्रभाव पारेको उल्लेख गर्दै उनले सैन्य परिसरमा 'अझै पनि काम भइरहेको' उल्लेख गरे ।

रक्षामन्त्री योआभ ग्यालान्टले भने, 'संयुक्त राज्य अमेरिका र थप साझेदार हरूसँग मिलेर हामीले इजरायली भूमिको रक्षा गर्न सफल भएका छौं । आक्रमणको जोखिम अझै सकिएको छैन, हामी सतर्क रहनुपर्छ ।' इजरायली बासिन्दाले जेरुसेलम र अन्य स्थानहरूका आकाशमा विस्फोटनको आवाज सुनेको बताएका छन् ।

यसैबीच, आक्रमणपछि इजरायली प्रधानमन्त्री बेन्जमिन नेतन्याहूले अमेरिकी राष्ट्रपतिसँगसमेत टेलिफोन संवाद गरेका छन् । यता इरानको रिभोल्युसनरी गार्डसले एक विज्ञप्तिमार्फत ती आक्रमण 'इजरायली अपराध' को जवाफ भएको बताएको छ । गार्डसले अप्रिलको सुरुमा सिरियास्थिति इरानी कूटनीतिक परिसर ध्वस्त पार्ने गरी भएको आक्रमणसमेतलाई इजरायली अपराध भनेको छ । गार्डसले आफ्ना हमलाहरू 'निश्चित निशानाहरूमा' लक्षित गरिएको जनाएको छ ।



### अन्तर्राष्ट्रिय समुदायले के भने ?

इरानले शनिबार राति इजरायलमाथि गरेको आक्रमणको विश्वका विभिन्न देशले निन्दा गर्दै उक्त आक्रमणले मध्यपूर्वलाई थप अस्थिर बनाउने चिन्ता प्रकट गरेका छन् । संयुक्त राष्ट्रसंघका महासचिव एन्टोनियो गुटेरेसले इस्लामिक गणतन्त्र इरानले इजरायलमाथि गरेको व्यापक आक्रमणको निन्दा गर्दै यसले गम्भीर तनाव निम्त्याएको बताएका छन् ।

उनले भने, 'म यस क्षेत्रव्यापी तनावको वास्तविक खतराबारे निकै चिन्तित छु । मध्यपूर्वमा विभिन्न मोर्चामा ठूलो सैन्य मूठभेड निम्त्याउन सक्ने कुनै पनि कार्यबाट जोगिन सबै पक्षलाई आह्वान गर्दछु ।

अमेरिकी राष्ट्रपति जो बाइडेनले उच्च सुरक्षा अधिकारीहरूसँगको आपत्कालीन बैठकपछि इजरायललाई 'आइरनक्लाड' समर्थन गर्ने प्रतिबद्धता जनाएका छन् । उनले भने, 'इरानले इजरायलविरुद्ध गरेको आक्रमणबारे जानकारी लिन मैले आफ्नो राष्ट्रिय सुरक्षा टोलीलाई भेटेको छु । इरान र उसका सहयोगीहरूको खतराविरुद्ध इजरायलको सुरक्षाप्रतिको हाम्रो चट्टानी प्रतिबद्धता छ,' ह्वाइट हाउसमा भएको बैठकको तस्बिर पोस्ट गर्दै बाइडेनले सामाजिक सञ्जाल एक्समा लेखेका छन् ।

बेलायतका प्रधानमन्त्री ऋषि सुनकले एक वक्तव्य जारी गर्दै 'लापरबाहीपूर्ण' आक्रमणको निन्दा गर्दै यसले तनाव बढाउने र यस क्षेत्रलाई अस्थिर बनाउने खतरा रहेको बताएका छन् । इरानले फेरि एकपटक आफ्नो घरआँगनमा अराजकता छर्न खोजेको देखाएको छ ।

युरोपेली संघका विदेश मामिला प्रमुख जोसेप बोरेलले एक्समा जारी गरेको सन्देशमा आक्रमणलाई 'अकल्पनीय जोखिम वृद्धि र क्षेत्रीय सुरक्षाका लागि गम्भीर खतरा' भन्दै निन्दा गरेका छन् ।

चीनको विदेश मन्त्रालयले आक्रमणलाई 'गाजा द्वन्द्वको पछिल्लो बाछिटाको रूपमा चित्रण गर्दै संयमित हुन आग्रह गरेको छ । संयुक्त राष्ट्रसंघ सुरक्षा परिषद्ले गाजामा युद्धविरामको माग गर्दै हालै पारित गरेको प्रस्तावको कार्यान्वयनका लागि चीनले आह्वान गरेको छ । 'अन्तर्राष्ट्रिय समुदाय, विशेषगरी प्रभाव भएका देशहरूलाई यस क्षेत्रको शान्ति र स्थिरताका लागि रचनात्मक भूमिका निर्वाह गर्न चीन आह्वान गर्दछ,' विदेश मन्त्रालयद्वारा जारी विज्ञप्तिमा भनिएको छ ।

भारतीय विदेश मन्त्रालयले एक विज्ञप्ति जारी गर्दै सबै पक्षलाई संयमता अपनाउन, हिंसाबाट जोगिन र कूटनीतिक वार्तामा फर्कन आग्रह गर्दै तत्काल तनाव कम गर्न आह्वान गरेको छ । भारतीय विदेश मन्त्रालयले जारी गरेको विज्ञप्तिमा भनिएको छ, 'इजरायल र इरानबीच बढ्दो शत्रुताले यस क्षेत्रको शान्ति र सुरक्षालाई खतरामा पारेकोमा हामी गम्भीर रूपमा चिन्तित छौं । हामी तत्काल तनाव कम गर्न, संयमता अपनाउन, हिंसाबाट पछि हट्न र कूटनीतिको मार्गमा फर्कन इजरायल र इरानलाई आह्वान गर्दछौं । यसबाहेक, विदेश मन्त्रालयले इरान-इजरायल द्वन्द्वको स्थितिलाई नजिकबाट नियालिरहेको बताएको छ ।

फ्रान्सका विदेशमन्त्री स्टेफन सेजोर्नले भने, 'यो अभूतपूर्व कदम चाल्ने निर्णय गरेर इरान आफ्नो अस्थिरताको कार्यहरूमा नयाँ स्तरमा पुगेको छ र सैन्य वृद्धिको जोखिम उठाइरहेको छ ।' बर्लिनका उच्च कूटनीतिज्ञले पनि आक्रमणले अस्थिरता निम्त्याउने चेतावनी दिँदै तेहरानलाई आक्रमण रोक्न आग्रह गरेका छन् । विदेशमन्त्री एनालेना बेर्बोकले भनेको छन्, 'हामी जारी आक्रमणको भर्त्सना गर्दछौं, यसले पूरै क्षेत्रलाई अराजकतामा धकेल्न सक्छ । 'इरान र उसका सहयोगीहरूले यसलाई तत्काल रोक्नुपर्छ,' उनले भने, 'बर्लिन इजरायलको साथमा दृढतापूर्वक उभिएको छ ।'

क्यानडाका प्रधानमन्त्री जस्टिन ट्रुडोले ओटावामा पत्रकारसँग कुरा गर्दै क्यानडाले इरानले इजरायलमाथि गरेको हवाई आक्रमणको निन्दा गर्दै आफू र आफ्नो देश इजरायलको साथमा रहेको बताएका छन् ।

'अक्टोबर ७ मा हमासको नृशंस आक्रमणलाई समर्थन गरेको इरानको पछिल्लो कदमले यस क्षेत्रलाई थप अस्थिर बनाउने छ र स्थायी शान्तिलाई थप कठिन बनाउने छ,' उनले भने ।

कायरोको विदेश मन्त्रालयले शत्रुता बढ्दै गएकोमा गहिरो चिन्ता व्यक्त गर्दै अधिकतम संयम अपनाउन आग्रह गरेको छ । मन्त्रालयले जारी गरेको वक्तव्यमा भनिएको छ, ''द्वन्द्वको क्षेत्रीय विस्तारको जोखिम'बारे पनि चेतावनी दिइएको छ र इजिप्टले 'स्थितिलाई नियन्त्रण गर्न द्वन्द्वका सबै पक्षहरूसँग प्रत्यक्ष सम्पर्कमा रहने छ ।'

साउदी अरबको विदेश मन्त्रालयले एक विज्ञप्ति जारी गरी 'सैन्य गतिविधि वृद्धि' प्रति चिन्ता व्यक्त गरेको छ । साउदी अरबले सबै पक्षलाई पूर्ण संयम अपनाउन र यस क्षेत्र र त्यहाँका जनतालाई युद्धको खतराबाट जोगाउन' आह्वान गरेको छ । उसले संयुक्त राष्ट्रसंघ सुरक्षा परिषद्लाई 'अन्तर्राष्ट्रिय शान्ति र सुरक्षा कायम गर्ने दिशामा आफ्नो जिम्मेवारी वहन गर्न' आग्रह गरेको छ ।

अर्जेन्टिनाका राष्ट्रपति जाभियर मिलेइको कार्यालयले एक विज्ञप्ति जारी गर्दै आक्रमणको सामना गर्न इजरायली पक्षसँग आफ्नो 'ऐक्यबद्धता' व्यक्त गरेको छ । *रासस/एएफपी*

# जर्मनीका चान्सलर स्कोल्ज चीन भ्रमणमा

**बेइजिङ–** जर्मनीको सबैभन्दा ठूलो व्यापारिक साझेदारसँग आर्थिक सम्बन्ध विस्तार गर्ने उद्देश्यका साथ जर्मनीका चान्सलर ओलाफ स्कोल्ज आइतबार चीन भ्रमणमा आएका छन् ।

चिनियाँ सरकारी प्रसारक सिसिटिभीका अनुसार स्कोल्ज आइतबार बिहान मन्त्री तथा व्यापारिक फर्म, कम्पनी र संघसंस्थाका कार्यकारी प्रमुख सम्मिलित ठूलो प्रतिनिधिमण्डलसहित चोङकिङ महानगरमा पुगेका हुन् ।

पश्चिमा राष्ट्रहरूले बेइजिङमाथि दबाब बढाइरहेका बेला निर्यातका दृष्टिकोणबाट युरोपको विशाल अर्थतन्त्रले विश्वको दोस्रो ठूलो अर्थतन्त्रबाट छुट्टिनुपर्ने आह्वानलाई अस्वीकार गर्ने र बेइजिङसँग व्यापार गर्न प्रतिबद्ध रहेको उल्लेख गर्ने अपेक्षा गरिएको छ । तर, चीनप्रतिको उनको मित्रतापूर्ण पहलले उद्योगहरूका लागि बेइजिङको भारी अनुदानको विरोध गर्दै आएका वासिङ्टन र युरोपेली संघ (इयू)का साझेदारहरूबीच आक्रोश पैदा गर्ने जोखिम रहेको छ ।

'चीन जर्मनीका लागि वास्तवमै महत्त्वपूर्ण आर्थिक साझेदार रहेको छ,' स्कोल्जले शुक्रबार पत्रकारहरूलाई भने, 'उनले चीनमा जर्मन कम्पनीहरूका लागि चीनमा समान व्यावसायिक अवसरको खोजीको प्रयास गर्नुहुने छ ।'

भूराजनीतिक मोर्चामा, स्कोल्जले आफ्नो भ्रमणलाई चिनियाँ राष्ट्रपति सी चिनफिङलाई उनका रूसी समकक्षी भ्लादिमिर पुटिनलाई लगाम लगाउन र युक्रेनमा रूस युद्धको अन्त्य गर्न मद्दत गर्न आफ्नो प्रभाव प्रयोग गर्न पनि दबाब दिने अनुमान गरिएको छ ।

'चीन र रूसबीचको घनिष्ठ सम्बन्धलाई ध्यानमा राख्दै बेइजिङले रूसमाथि आफ्नो प्रभाव पार्न सक्ने सम्भावना छ,' बर्लिनस्थित जर्मन सरकारी स्रोतले बताएको छ । चोङकिङ, सांघाई र बेइजिङको तीन दिने भ्रमणमा आएका जर्मन चान्सलर स्कोल्जको चान्सलरका रूपमा यो दोस्रो चीन भ्रमण हो । *रासस/एएफपी*

# फिरौती तिरेर पानीजहाज फिर्ता

**चटगाउ (बंगलादेश)–** सोमालियाली समुद्री डाकुहरूले बंगलादेशको ध्वजाबाहक मालवाहक पानीजहाज र त्यसका चालक दलका २३ सदस्यलाई आइतबार बिहानै उद्धार गरेको कम्पनीले जनाएको छ ।

एमभी अब्दुल्लाह नामक सामान बोक्ने उक्त पानीजहाजलाई सोमालियाको मापुतोबाट संयुक्त अरब इमिरेट्स (युएई) तर्फ ५५ हजार टनभन्दा बढी कोइला बोकी जाँदै गर्दा दर्जनौं समुद्री डाकुहरूको एक समूहले मार्चमा सोमाली तटबाट करिब एक हजार किलोमिटर टाढाको क्षेत्रबाट कब्जा गरेको थियो ।

यमनको इरान समर्थित हुथी विद्रोहीले पानीजहाजमा गरेको आक्रमणबाट जोगिन अदनको खाडीबाट अन्तर्राष्ट्रिय नौसैनिक बल रेड सीमा परिचालन गरिएसँगै सोमालियाली समुद्री डाकुको गतिविधिमा वृद्धि भइरहेका बेला जहाज नियन्त्रणमा लिइएको थियो ।

एमभी अब्दुल्लाहका मालिक केएसआरएम समूहले कार्गो जहाजका अपहरणकारीहरूसँग वार्ता गरी फिरौती तिरेपछि जहाज बंगलादेशको समयअनुसार आइतबार बिहान दुबईका लागि छुटेको थियो ।

'हामीले समुद्री डाकुहरूसँग सम्झौता गरेका छौं,' समूहको समुद्री शाखा एसआर शिपिंगका मिजानुल इस्लामले भने, 'चालक दलका सबै सदस्य सुरक्षित छन् । पैसाको बारेमा हामी थप केही भन्न सक्दैनौं ।' *रासस/एएफपी*


## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : DOMES RESTAURANTS COMPANY WITH SERVICE

पुर्व स्वीकृति मिति २०७९/१०/२५ पुन विज्ञापन स्वीकृति मिति २०८१/०१/०२ LT. No. 280560 चलानी नं. ६०१९८६२५५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Barista | 20 | 10 | 120 | ५१,८५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : ADVANCED TECHNOLOGY COMPANY KS

पुर्व स्वीकृति मिति २०८०/०९/२६ पुन विज्ञापन स्वीकृति मिति २०८१/०१/०२ LT No :297670 चलानी नं. ६०२१२९०२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Assistant Nurse | 50 | 50 | 280 | १२१,३३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Cleaner | 10 | 10 | 120 | ५२,००० | | | | | | | |
| 3 | Dental Hygienist / Dental Assistant | 0 | 20 | 450 | १९५,००० | | | | | | | |
| 4 | Driver | 10 | 0 | 135 | ५८,४४५ | | | | | | | |
| 5 | Nurse | 50 | 50 | 350 | १५१,६७० | | | | | | | |
| 6 | Security Guard | 20 | 0 | 125 | ५४,१६५ | | | | | | | |

कम्पनी : MAMA'S BAKERY RESTAURANT CO.

पुर्व स्वीकृति मिति २०८०/०९/०५ पुन विज्ञापन स्वीकृति मिति २०८१/०१/०२ LT No :296862 चलानी नं. ६०२११८९०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Baker / Cook | 5 | 0 | 150 | ६४,९३५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Chef Assistant / Preparer | 10 | 0 | 130 | ५६,२८० | | | | | | | |
| 3 | Light Vechicle Driver | 5 | 0 | 135 | ५८,४४५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ वैशाख १० गते (22nd April 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt. License No. 1352/074/075

Omega International Pvt. Ltd.

Basundhara, Kathmandu, Nepal, Ph. No: +977-4954327, 4954337

E-mail : info@omeganepal.com,Website : www.omeganepal.com

## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : PLATINUM HANDS PACKING & REPACKING SERVICES

पुर्व स्वीकृति मिति २०८०/१२/२३ पुन विज्ञापन स्वीकृति मिति: २०८१/०१/०२ LT. No. 303173 चलानी नं. ६०२१७९९५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Indoor Cleaners | 20 | 20 | 800 | २८,९९५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Packer | 60 | 0 | 800 | २८,९९५ | | | | | | | |

कम्पनी : ALABAAD ALKHAMSAH SECURITY SERVICES

पुर्व स्वीकृति मिति २०८०/०४/२५ पुन विज्ञापन स्वीकृति मिति २०८१/०१/०२ LT. No. 290613 चलानी नं. ६०२०५९७७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 52 | 17 | 1200 | ४३,४९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ वैशाख ७ गते (19th April 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. ३९७/०६०/०६१

Future Star Manpower Pvt. Ltd.

Samakhushi, Townplaning, Kathmandu, Nepal,

(Kathmandu) Phone : +977-1-4960576, 4950719, 9810101810, 9813916322

Contact for Branch Office Jhapa (Birtamode) :- 023-533784 ,981-7914275 , 9803498035

Contact for Branch Office Kaski (Pokhara) :- 061591417 / 061501418, 9819100814, 9824194594

E-mail : futurestarmp397@gmail.com, Website : www.futurestarmanpower.com

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : OCEAN CAFE SERVE DRINKS

पुर्व स्वीकृति मिति: २०८०/१२/२२ पुन विज्ञापन स्वीकृति मिति: २०८१/०१/०२ LT. No. 303084 चलानी नं. ६०२१८२७६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Food And Beverage Counter Worker | 2 | 0 | 1200 | ४२,७०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ वैशाख १० गते (22nd April 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. ८६१/०६६/०६७

G.R. Manpower Service Pvt. Ltd.

Samakhusi- 26, Kathmandu, Nepal. Tel : +977-1-4355695

E-mail: grmanpower861@gmail.com

## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : ALSHAHEEN AL THAQEB SECURITY SERVICES

पुर्व स्वीकृति मिति : २०८०/१२/२८ LT. No. 303394 चलानी नं. ६०२१८१९२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 25 | 5 | 1800 | ६५,२३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ वैशाख १२ गते (24th April 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt. License 1568/079/08

BLACK PEARL INTERNATIONAL PVT. LTD.

Battisputali-9, Kathmandu, Contact: 01-15919419, 9841271962, 9808865460

Email: director@blackpearlinternational.com.np, Web: blackpearlinternational.com.np

## वर्गीकृत विज्ञापन संकलन काउन्टर

पशुपति विज्ञापन सेवा - सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । स्मार्ट सर्भिस नेपाल प्रा.लि.-सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८/९८४२६३५८१५ । लोटस कम्युनिकेशन- गोंगबुचोक, फोन नं. ४३६४७१ । ध्रुवको पसल- डिल्लीबजार, फोन नं. ४४३९२०१ । Reachmond Books Shop (रोहित दाहाल) - फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट । Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217 । दन्तकाली स्टेशनरी - नयाँबसपार्क फोन नं. ९८१३९६०७४६ । सारीका स्टेशनरी पसल - फोन नं. ९८५११२९६८६ । ज्ञान्जयोति पुस्तक पसल बागबजार, फोन नं. ४२४००६० । विश्व स्वतन्त्र सञ्चार- सुन्धारा, फोन नं. ४२१९४१२ । निशा बुक्स एण्ड स्टेशनरी - लगनखेल, ५५३१९५७, ९८४१६२७४८९ । वीडलिंक मिडिया प्रा.लि. - पुरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४ । हिमचुली स्टेशनरी- बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३ । मलः स्टेशनरी- गठ्ठाघर ठिमी, फोन नं. ६६३०७५७ । B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी- विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर- कलंकी चोक फोनः ०१-४२७६५३०, फ्याक्सः०१-४२७१३२२ । दाजुभाइ स्टेशनरी - पिंगलास्थान, गौशाला, फोनः ०१-४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेशनरी च्यासल गेट -९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफ्याक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७, कमल स्टेशनरी, सिफल फोन नं. ९८४३२६४२३२, ०१४५८०१८४ ।

प्रभाव दैनिक
National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला - १३६८०० | प्रति तोला - १३६१५० | प्रति तोला - १७०० |



**खरबुजाको व्यापार** | सुनसरीको इनरुवास्थित थोक तरकारी बजारमा खरबुजा मिलाउँदै व्यापारी । खरबुजा स्थानीय बजारमा प्रतिकिलो ५० रूपैयाँमा बिक्री भइरहेको व्यापारी बताउँछन् । *तस्बिर: नवीन गड्तौला/रासस*

### बजेट खर्च गर्न धमाधम रकमान्तर

# एक महिनामै डेढ अर्बभन्दा बढी रकमान्तर

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** सरकारले चालु बजेटको खर्च बढाउन धमाधम रकमान्तर गरिरहेको छ । अर्थ मन्त्रालयले पछिल्लो एक महिनामा मात्रै डेढ अर्ब रूपैयाँभन्दा बढी रकमान्तर गरेको छ । पुँजीगत खर्चको अवस्था निराशाजनक भएपछि खर्च हुन नसकेको आयोजनाबाट धमाधम रकमान्तर गर्न थालेको छ । अर्थले रकमान्तर, कार्यक्रम संशोधन र विविध शीर्षकबाट खर्च बढाउने नीति लिएको हो ।

अर्थमन्त्री वर्षमान पुनको सचिवालयका अनुसार पछिल्लो एक महिनामा मात्र सरकारी निकायबाट एक अर्ब ६३ करोड रूपैयाँ रकमान्तर गरी खर्च भएको छ । यस्तै दुई अर्ब ६३ करोड रूपैयाँबराबरको कार्यक्रम संशोधन गरिएको छ भने विविध शीर्षकमा राखिएको तर हालसम्म खर्च नभएको बजेटबाट ३६ अर्ब ५० करोड रूपैयाँ खर्च गरिएको छ ।

बजेटको एउटा शीर्षकबाट अर्को शीर्षकमा पैसा पठाएर खर्च गर्ने काम रकमान्तर हो । एउटै शीर्षकभित्र बजेट परेका एउटा निकायबाट अर्को निकाय वा एउटा कार्यक्रमबाट अर्को कार्यक्रममा पैसा पठाएर खर्च गर्ने कामलाई कार्यक्रम संशोधन भनिन्छ ।

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्वसम्बन्धी ऐनमा रकमान्तर, स्रोतान्तर र थप निकासाबाट खर्च गर्न पाउने व्यवस्था राखिएको छ । ऐनको उक्त व्यवस्थाभित्रै रहेर खर्च बढाउने प्रयास मन्त्रालयले गरेको अर्थमन्त्री पुनको सचिवालयले जनाएको छ ।

पछिल्लो एक महिना अवधिमा कूल रकमान्तर भएको एक अर्ब ६३ करोड रूपैयाँमध्ये सबैभन्दा बढी स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयबाट भएको छ । स्वास्थ्य





मन्त्रालयमातहतका सरकारी निकायले ६४ करोड ४१ लाख रूपैयाँ बराबर रकमान्तर गरेका छन् । त्यस्तै, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयले ४८ करोड ८६ लाख रूपैयाँको रकमान्तर गरेको छ ।

विभिन्न २८ स्थानीय तहका लागि पालिकाअन्तर्गत निर्माणाधीन आधारभूत अस्पतालको कार्यप्रगति तथा 'मोबिलाइजेसन' भुक्तानीको रकमान्तर गरिएको छ । उक्त शीर्षकमा ४९ करोड २४ लाख ३१ हजार रूपैयाँ खर्च भएको जनाइएको छ ।

छात्रवृत्ति करारमा कार्यरत चिकित्सक तथा स्वास्थ्यकर्मीहरूको पारिश्रमिक र भत्ता भुक्तानी गर्न स्वास्थ्य क्षेत्र सुधार कार्यक्रमका लागि ३२ लाख रूपैयाँ रकमान्तर भएको छ । यस्तै मृगौला प्रत्यारोपण गरेका, डायलाइसिस गराइरहेका, क्यानसर रोगी र मेरूदण्ड पक्षघातका बिरामीका लागि औषधि उपचार खर्चबापत मासिक पाँच हजार रूपैयाँका दरले उपलब्ध गराइने रकम भुक्तानी गर्न १४ करोड ८५ लाख रूपैयाँ निकासा भएको छ ।

भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयअन्तर्गत महाकाली कोरिडोर (ब्रम्हदेव-झुलाघाट-दार्चुला-टिंकर) अन्तर्गत विकास निर्माण निर्देशनालयका लागि ७० लाख रूपैयाँ रकमान्तर गरी खर्च भएको छ । सडक निर्माणको दायित्व प्राथमिकताको आधारमा भुक्तानी गर्न सडक डिभिजन, घोराही (दाङ)लाई नौ करोड चार लाख रूपैयाँ रकम निकासा दिइएको छ ।

उत्तर दक्षिण राजमार्ग (कर्णाली, कालीगण्डकी र कोशी) का लागि करार सेवा शुल्क स्वीकृत दरबन्दीको करार कर्मचारीमा नपुग रकम रहेको दुई लाख ९६ हजार रूपैयाँ बराबर रकम पठाइएको छ । रणनीतिक सडक पुल निर्माण तथा पुल पुलेसा संरक्षणअन्तर्गतका कार्यालयहरूमा २५ करोड नौ लाख रूपैयाँ रकमान्तर भएको छ । तमोर कोरिडोर चतरा-मुलघाट-सुभाङखोला सडक योजना मुलघाट (सुनसरी) का लागि १४ करोड रूपैयाँ निकासा गरिएको छ ।

मन्त्रालयले औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेडलाई ऋण लगानी गर्नका लागि औद्योगिक पूर्वाधार विकास कार्यक्रमअन्तर्गत ऋण लगानी गर्न दुई करोड २४ लाख दिइएको छ । रक्षा मन्त्रालयमातहत जंगी अड्डा, सैनिक हवाई महा-निर्देशनालय, वीरेन्द्र अस्पताल (पोस्ट एक्सिडेन्ट सेन्टरसमेत) र राष्ट्रिय सेवा दलअन्तर्गतका कार्यक्रममा थपघट र रकमान्तर गरिएका छन् ।

स्थानीय तहहरूबाट खर्च हुने गरी स्वास्थ्य मन्त्रालयअन्तर्गतको एकीकृत स्वास्थ्य पुर्वाधार विकास कार्यक्रमअन्तर्गतको ५५ करोड ७२ लाख रूपैयाँको कार्यक्रम संशोधन गरी रकम पठाइएको छ । कृषि विकास मन्त्रालयअन्तर्गतको पशु सेवा विभागको आग्रहमा ४८ करोड रूपैयाँ बराबरको कार्यक्रम संशोधन भएको अर्थ मन्त्रालयले जनाएको छ ।

सहरी विकास मन्त्रालयअन्तर्गतका ४५ करोड ४५ लाख रूपैयाँ तथा प्रदेशअन्तर्गतका एक करोड ८१ लाख रूपैयाँका कार्यक्रम संशोधन भएका छन् । नेपाल विद्युत् प्राधिकरणमा सरकारको ऋण लगानी रहने गरी एक अर्ब ६३ करोड १७ लाख रूपैयाँ निकासा गरिएको जनाइएको छ ।

# डोल्पामा पुग्यो टेलिकमको एफटिटिएच सेवा

**काठमाडौं (प्रस)–** नेपाल टेलिकमले डोल्पामा अप्टिकल फाइबर नेटवर्कमा आधारित फाइबर टु द होम (एफटिटिएच) नेटवर्क सेवा सुरु गरेको छ । उच्च गतिको इन्टरनेट सेवा देशभर पुऱ्याउने सरकारको अभियानअन्तर्गत आइतबारदेखि नेपाल टेलिकमले उक्त सेवा डोल्पामा सुरुआत गरेको हो ।

आइतबार सञ्चार तथा सूचना प्रविधिमन्त्री रेखा शर्माले डोल्पामा एफटिटिएच नेटवर्क सेवाको 'भर्चुअल'का माध्यमबाट शुभारम्भ गरिन् । यससँगै यो सेवा मुगु र हुम्लाबाहेक सबै जिल्लामा पुगेको छ । मुगुमा हाल जडान भइरहेको र हुम्लामा आगामी वर्षमा जोड्ने योजना रहेको नेपाल टेलिकमले जनाएको छ ।



सो अवसरमा मन्त्री शर्माले देशैभरी अप्टिकल फाइबरसहितको इन्टरनेट सेवा पुऱ्याउने सरकारको अभियान साकार हुँदै गएको बताइन् । उनले नेपाल टेलिकमका अधिकारीहरूलाई यो सेवालाई कम्तीमा प्रत्येक पालिकाका केन्द्रसम्म बिस्तार गर्न पनि आग्रह गरिन् । 'सरकारले नाफामात्रै हेर्दैन, घाटै भए पनि दूरदराजका नागरिकलाई सूचना र सञ्चारको सुविधाबाट वञ्चित गर्दैन,' उनले भनिन्, 'सरकारले मुलुकभर इन्टरनेट सेवा पुऱ्याउने नीतिलाई प्राथमिकता दिएको छ ।'

इन्टरनेटको अभावमा नागरिकलाई आधारभूत सेवा समेत दिन नसक्ने अवस्था रहेको र त्यसतर्फ सरकारको पनि चासो रहेको भन्दै मन्त्री शर्माले विशेष ध्यान दिन टेलिकमका अधिकारीहरूलाई आग्रह गरिन् । सेवाको पहुँचसँगै सेवालाई थप गुणस्तरीय र प्रभावकारी बनाउन पनि उनले आग्रह गरिन् ।

कतिपय अवस्थामा विद्युतीकरणको अभाव र सोलारका मात्रै भर पर्दा टेलिकमको सेवा गुणस्तरीय नहुने गरेको उल्लेख गर्दै उनले वैकल्पिक प्रविधिको प्रयोग गरेरै भए पनि इन्टरनेट सेवा पुऱ्याउने प्रतिबद्धता जनाइन् । उनले सञ्चारको विकासमा धेरै समस्याहरू भए पनि ती समाधान गर्न सबैको पहलकदमीको जरुरी रहेको आवश्यकता औंल्याइन् । उनले डिजिटल नेपाल निर्माणमा इन्टरनेट आधारभूत सेवा भएको बताइन् ।

सिंहदरबारमा भएको उक्त कार्यक्रममा सहभागी पूर्वमन्त्री सत्या पहाडीले सञ्चारको क्षेत्रमा पछाडि परेको डोल्पामा प्रभावकारी सञ्चार सेवा सुरुआत हुनु महत्त्वपूर्ण भएको बताइन् । उनले सो सेवालाई थप स्थानमा बिस्तार गर्दै सेवाको गुणस्तर र दीगो बनाउन मन्त्री शर्माको ध्यानाकर्षण गराइन् । 'टावर हुने तर फोन नलाग्ने, इन्टरनेट पुग्ने तर राम्रोसँग नचल्ने पनि हुनसक्छ, त्यसतर्फ ध्यान दिनुपर्छ,' पहाडीले भनिन् ।

कार्यक्रममा सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका सचिव एवं नेपाल टेलिकम सञ्चालक समितिका अध्यक्ष रामकृष्ण सुवेदीले सबै जिल्लामा उक्त सेवा पुऱ्याउने प्रतिबद्धता जनाए । साथै विभिन्न चुनौतीकाबीच पनि निकट भविष्यमै मुगु र हुम्लामा पनि सेवा पुऱ्याउने बताए ।

उनले सूचना तथा प्रविधिको युगमा निजी क्षेत्र पुग्न नसकेको क्षेत्रमा पुग्नु सरकारको दायित्व भएको बताए । बिस्तार, गुणस्तर र सुरक्षा महत्त्वपूर्ण पाटो रहेको उल्लेख गर्दै सचिव सुवेदीले सञ्चार प्रविधिमा फड्को मार्नुपर्नेमा जोड दिए ।

कार्यक्रममा डोल्पाबाट 'भर्चुअल'रूपमा सहभागी नेपाल टेलिकम कर्णाली प्रादेशिक निर्देशनालयका निर्देशक उमेशप्रसाद शाहले ५४ प्रतिशत सेवा सोलारको भरमा रहेकाले सेवा प्रवाहमा समस्या रहेको तर प्रभावकारी सेवामा विशेष ध्यान दिइएको बताए । डोल्पाका प्रमुख जिल्ला अधिकारी तुलसीप्रसाद दाहालले जिल्लामा सीमित स्थानमामात्रै दुरसञ्चार सेवा उपलब्ध रहेको बताए । उनले इन्टरनेट सेवाको अभावमा ठूलो समस्या भोगिरहेको डोल्पाबासीका लागि आइतबारदेखि शुभारम्भ गरिएको एफटिटिएच नेटवर्क कोसेढुंगा सावित भएको बताए । जिल्ला समन्वय समिति डोल्पाका प्रमुख श्याम रोकाले छरिएर रहेको डोल्पाको बस्तीमा राज्यले सञ्चार सेवा उपलब्ध गराउन थालेकोमा खुसी व्यक्त गरे ।

# नेप्से परिसूचकमा सामान्य गिरावट

**काठमाडौं (प्रस)–** धितोपत्र बजारमा सेयर कारोबार मापक नेप्से परिसूचक आइतबार झिनो अंकले ओरालो लागेको छ । नेपाल स्टक एक्सचेन्जका अनुसार नेप्से परिसूचक २.३५ अंकले ओरालो लागेर दुई हजार २३.३५ मा सीमित भएको छ ।

ठूला कम्पनीको कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक ०.०१ अंकले उकालो लागेर ३५८.२० मा पुगेको छ । विभिन्न कम्पनीका कूल ७७ लाख ९५ हजार ३३ कित्ता सेयर तीन अर्ब छ करोड ३७ लाख ७२ हजार रूपैयाँ मूल्यमा कारोबार भएको छ । कारोबार भएकामध्ये आइतबार १२७ कम्पनीको सेयर मूल्य उकालो लागेको छ । यस्तै, १०८ कम्पनीको सेयर मूल्य ओरालो लाग्दा १० कम्पनीको सेयर मूल्यमा भने कुनै परिवर्तन भएन ।

नेप्सेका अनुसार सिर्जनशील लघुवित्तको सेयर मूल्यमा आइतबार सकारात्मक सर्किट लागेको छ । साथै एनआइसी एसिया लघुवित्तको सेयर मूल्य ९.७२, डोल्टी पावर कम्पनी ९.३५, राप्ती हाइड्रोपावर ९.२३ र मिथिला लघुवित्तको सेयर मूल्य ८.७० प्रतिशतले बढेको छ ।

आइतबारको कारोबारमा गुराँस लघुवित्त वित्तीय संस्था लिमिटेडको सेयर मूल्यमा नकारात्मक सर्किट लागेको छ । साथै हिमालयन बैंकको सामूहिक लगानी कोष ४.४१, तेह्रथुम पावर कम्पनी ४.३८, तारागाउँ रिजेन्सी होटल ३.९३ र ग्लोबल आइएमई ब्यालेन्स फण्डको सेयर मूल्य ३.९१ प्रतिशतले घटेको छ ।

## कर्पोरेट

### सिटिजन्स बैंकका ग्राहकलाई बेक एण्ड सेल्समा विशेष छुट



काठमाडौं (प्रस)- सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेड र काठमाडौंस्थित बेक एण्ड सेल्स प्रालिबीच बैंकका ग्राहकलाई विशेष छुट दिने समझदारीपत्रमा हस्ताक्षर भएको छ । उक्त समझदारीपत्रमा हस्ताक्षरपश्चात् सिटिजन्स बैंकका कार्डबाहक र मोबाइल बैंकिङ ग्राहकहरूले बेक एण्ड सेल्सको नयाँबजार, माहाराजगञ्ज र सातदोबाटो शाखामा १० प्रतिशतसम्मको छुट पाउने जानकारी दिइएको छ । यसबाट बैंकका ग्राहकहरू लाभान्वित हुनुका साथै नगद कारोबारबाट डिजिटल कारोबारतर्फ उत्प्रेरित हुने विश्वास बैंकले लिएको छ ।

बैंकले डिजिटल बैंकिङ माध्यमहरूको प्रयोगलाई बढाउन र ग्राहकहरूलाई डिजिटल माध्यमबाट भुक्तानी गर्न प्रोत्साहन गर्न समय समयमा ग्राहकमैत्री सुविधाहरू सञ्चालनमा ल्याउँदै आएको छ । डिजिटल कारोबार गर्दा पाइने छुटसम्बन्धी विस्तृत विवरण सिटिजन्स बैंकको वेबसाइटमा प्राप्त गर्न सकिने बैंकले जनाएको छ ।

### ग्लोबल आइएमईको 'पैसा आउने, थपेर पाउने' योजना





काठमाडौं (प्रस)- ग्लोबल आइएमई बैंक लिमिटेडले बैंकिङ प्रणालीमार्फत हुने रेमिटचान्स कारोबारलाई प्रवर्द्धन गर्ने उद्देश्यले 'पैसा आउने, थपेर पाउने' योजना सार्वजनिक गरेको छ । बैंले ग्लोबल रेमिटमार्फत पैसा पठाउँदा ५०० रूपैयाँसम्म 'क्यासब्याक' पाइने नयाँ योजना सार्वजनिक गरेको हो । क्यासब्याक योजनाअन्तर्गत रेमिटचान्स पठाउने व्यक्तिले २५ हजारदेखि ५० हजार रूपैयाँसम्म पैसा पठाउँदा १०० रूपैयाँ, ५० हजार एकदेखि एक लाख रूपैयाँसम्म पैसा पठाउँदा २५० रूपैयाँ र एक लाख रूपैयाँभन्दा बढी पैसा पठाउँदा ५०० रूपैयाँ क्यासब्याक प्राप्त गर्ने जानकारी दिइएको छ । यो योजना आगामी १० जुनसम्म लागू रहने बैंकले जनाएको छ । लोबल आइएमई बैंकमा भएको कुनै पनि खातामा ग्लोबल रेमिटमार्फत पैसा पठाउँदा बैंकले रेमिटचान्समार्फत आएको पैसामा ५०० रूपैयाँसम्म थप गरिदिने बैंकले जारी गरेको विज्ञप्तिमा उल्लेख छ ।

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook
www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित    मुद्रण: एक्प्रेस कलर प्रेस,  कार्यालय: काठमाडौं-७, सिफल, नेपाल    फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेल: prabhabdailynews@gmail.com,  विज्ञापनका लागि: marketing2prabhab@gmail.com,  प्रबन्ध निर्देशक: कृष्णबहादुर कार्की,  सम्पादक: विष्णु तामाङ